# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ११८ | काठमाडौं | शनिबार, ०२ भदौ २०८० | Prabhab National Daily | Saturday, August 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालअधिकार प्रति संवेदनशील बनौ**

- माया, ममता, संरक्षण, स्वस्थ्य वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्यक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


गत वर्षको आर्थिक सूचक

## चालु खाता घाटा कायमै, विदेशी विनिमय सञ्चितिमा सुधार

■ प्रभाव संवाददाता

- चालु खाता ६ खर्ब २३ अर्ब घाटामा
- सोधनान्तर स्थिति २ खर्ब ९० अर्बले बचतमा
- विदेशी विनिमय सञ्चिति २६.६ प्रतिशतले बढ्यो
- विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा २१.२ प्रतिशतले वृद्धि
- मूल्यवृद्धिले लक्षित सीमा नाघ्यो, ७.७४ प्रतिशतले वृद्धि

**काठमाडौं–** गत आर्थिक वर्ष २०७९/८० मा मुलुकको चालु खाता ७२ अर्ब १६ करोड रूपैयाँले घाटामा रहेको देखिएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा यस्तो देखिएको हो ।

अघिल्लो वर्ष चालु खाता छ खर्ब २३ अर्ब ३८ करोड रूपैयाँले घाटामा रहेको थियो । यसको तुलनामा गत वर्ष चालु खाता घाटा न्यून हुँदै गए पनि शून्यमा आएको स्थिति छैन ।

अघिल्लो वर्ष घाटामा रहेको शोधनान्तर स्थिति भने गत वर्ष बचतमा आएको छ । राष्ट्र बैंकका अनुसार गत आवमा सोधनान्तर स्थिति दुई खर्ब ९० अर्ब ५२ करोड रूपैयाँले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति दुई खर्ब ५५ अर्ब २६ करोड रूपैयाँले घाटामा थियो । प्रतिवेदअनुसार गत आवमा नेपालले पाँच अर्ब ९६ करोड रूपैयाँ बराबरमात्रै खुद प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको देखिएको छ ।

समीक्षा अवधिमा कूल विदेशी विनिमय सञ्चिति २६.६ प्रतिशतले बढेको छ । २०७९ असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकले जनाएको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा १० खर्ब ५६ अर्ब ३९ करोड रूपैयाँ रहेकोमा २०८० असार मसान्तमा २७.४ प्रतिशतले वृद्धि भई १३ खर्ब ४५ अर्ब ७८ करोड रूपैयाँ कायम भएको छ । नेपाल राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति अघिल्लो आवको तुलनामा गत आव चार प्रतिशतले वृद्धि भई एक खर्ब ९३ अर्ब ५९ करोड रूपैयाँ पुगेको छ । गत असार मसान्तसम्मको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत छ ।

आव २०७९/८० को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.७ महिनाको वस्तु आयात र १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको छ । गत असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपात क्रमशः २८.६, ८३ र २५.१ प्रतिशत रहेका छन् । राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार गत वर्ष मुद्रास्फीति, चालु खाता घाटा, प्रत्यक्ष वैदेशिक लगानीलयातका सूचकांक खराब देखिएका छन् भने विप्रेषण, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकांक सकारात्मक छन् ।

सरकारले गत आवका लागि वार्षिक औसत उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेकोमा ७.७४ प्रतिशत पुगेको छ । अर्थात् गत वर्षको मूल्यवृद्धिले सरकारले राखेको वाञ्छित सीमा नाघेको छ । त्यस्तै गत आवमा समग्र वैदेशिक व्यापार घटेको छ । गत आवमा आयात १६.१ र निर्यात २१.४ प्रतिशतले घटेको छ । अघिल्लो आवमा आयात २४.७ र निर्यात ४१.७ प्रतिशतले बढेको थियो ।

गत आवमा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा २१.२ र अमेरिकी डलरमा १२.१ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन १२.३ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.८ प्रतिशतले बढेको छ । गत असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थामा रहेको कूल निक्षेप ५७ खर्ब १० अर्ब रूपैयाँ र निजी क्षेत्रमा प्रवाहित कर्जा ४७ खर्ब ९७ अर्ब रूपैयाँ छ ।

संसद् खुलाउन राष्ट्रपतिको सक्रियता

# प्रधानमन्त्री र सभामुखबीच छलफल

■ प्रभाव संवाददाता



- शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख देवराज घिमिरेबीच छलफल
- बुधबारमात्र राष्ट्रपति रामचन्द्र पौडेल र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता
- सर्वदलीय बैठक बोलाएर भए पनि संसद्को अवरोध हटाउने प्रयासमा राष्ट्रपति

**काठमाडौं–** संसद्मा जारी अवरोध खुलाउन राष्ट्रपति रामचन्द्र पौडेलले सक्रियता बढाएका छन् । सुन प्रकरणमा उच्चस्तरीय छानबिन समितिको माग गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सदनमा अवरोध जारी राखेपछि राष्ट्रपति पौडेल सक्रिय बनेका हुन् । बुधबारमात्र राष्ट्रपति पौडेल र एमाले अध्यक्ष ओलीबीच भेट भएको थियो ।

राष्ट्रपति भवन शीतलनिवासमा भएको भेटमा समसामयिक राजनीति र संसद्का गतिरोधबारे छलफल भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । पोखरेलका अनुसार भेटमा राष्ट्रपति पौडेलले लामो समय संसद् चल्न नसक्दा जनतामा नैराश्यता बढ्ने र संसद्प्रति नै जनतामा नकारात्मक प्रभाव पर्ने भएकाले संसद् गतिरोध अन्त्य गर्न ध्यानाकर्षण गराएका थिए ।

राष्ट्रपति पौडेलले सत्ता र प्रतिपक्षलगायत संसद्मा रहेका सबै दललाई विश्वासमा वातावरण सिर्जना गरेर अघि बढ्न सुझाव पनि दिएका थिए । सदन खुलाउनका लागि शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल र सभामुख देवराज घिमिरेबीच छलफल भएको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री दाहालले सदनको व्यवधान खुलाउन आफूले पहल गर्ने बताए । 'म सदन खुलाउन भूमिका खेल्छु । तपाईं पनि लाग्नुहोस् । छिट्टै सहमति गर्नैपर्छ । म प्रमुख विपक्षी दलको नेतासँग थप पहल गर्छु,' सभामुखसँग प्रधानमन्त्री दाहालले भने ।

भेटमा सभामुख घिमिरेले सदन नचल्नु राम्रो नभएको भन्दै तत्काल पहल थाल्न प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका थिए । 'माननीयहरूले बोल्न समय माग्नुभएको छ । प्राकृतिक विपत्तिलगायतका विषयमा माननीयले बोल्न पाइनँ भन्नुहुन्छ । दलीय सहमतिबिना सदन अगाडि बढ्न सक्ने स्थिति छैन,' सभामुख घिमिरेले भने, 'आमजनताले पनि सदन अवरोधलाई राम्रो मानेका छैनन् । कम्तीमा सदन खुलाउन सत्तापक्ष र प्रतिपक्षले गम्भीरतापूर्वक छलफल गरिदिनुहोस् ।'

सभामुख घिमिरेले संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा संसद्मा कानुन निर्माण भएनन् भन्ने गुनासो पनि व्याप्त रहेको उल्लेख गर्दै सदनको अवरोध खुलाउन आग्रह गरेका थिए । राष्ट्रपति पौडेलले सर्वदलीय बैठक बोलाएर भए पनि संसद्को अवरोध हटाउने प्रयासमा लागेको राष्ट्रपतिका राजनीतिक सल्लाहकार सुनिलबहादुर थापाले बताएका छन् ।

### साउन १० बाट निरन्तर अवरोध

साउन १० गते बसेको प्रतिनिधिसभाको बैठकमा १९ जना सांसदले आकस्मिक समयमा बोलेपछि एमालेले सुन तस्करी प्रकरणमा समितिको माग गर्दै संसद् अवरुद्ध गरेको थियो । सभामुख घिमिरेले शून्य समयको कारबाही अघि बढाउनेबित्तिकै एमालेका सांसदहरू उभिएर बैठक अवरुद्ध गर्न थालेपछि उनले प्रमुख सचेतक पदम गिरीलाई बोल्न समय दिएका थिए ।

प्रमुख सचेतक गिरीले छानबिन समिति गठनका लागि सभामुखको रुलिङको माग गरे । त्यसपछि एमाले सांसदहरूले बेल घेराउसहित नाराबाजी गर्दै बैठक अवरुद्ध गरे । साउन १५ गतेका लागि बोलाइएको प्रतिनिधि सभा बैठक चलाउने विषयमा सत्तापक्ष र विपक्षी दलको कुरा नमिलेपछि सूचना टाँस गरेर साउन १६ गतेका लागि बैठक बोलाइयो ।

साउन १६ गतेका लागि बोलाइएको बैठकअघि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा सत्तापक्ष र प्रतिपक्षको कुरा नमिलेपछि सूचना टाँस गरेर साउन २२ गतेसम्म बैठक स्थगित गरियो ।

साउन २२ गते दिउँसो १ बजेका लागि बोलाइएको बैठक चलाउन प्रधानमन्त्री निवास बालुवाटारमा सत्तापक्ष र प्रतिपक्ष दलको बैठक बोलाइएको थियो । तर संसद् खुलाउने विषयमा सहमति नभएपछि सूचना टाँसेर दिउँसो ४ बजेसम्मका लागि स्थगित गरिएको थियो । (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# श्रम विभागका सम्पूर्ण सेवा अनलाइनमा



■ प्रभाव संवादादता

**काठमाडौं–** सरकारले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई पूर्ण 'डिजिटाइज' गरी सम्पूर्ण सेवा अनलाइनमार्फत प्रवाह सुरु गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री शरतसिंह भण्डारीले एकीकृत श्रम व्यवस्थापन सूचना प्रणालीको शुभारम्भ गरे ।

विभागले उक्त प्रणालीमार्फत विभाग तथा मातहत निकायबाट प्रवाह हुने सेवा अनलाइनबाट प्रदान गर्न थालेको छ । ट्रेड युनियन दर्ता, नवीकरण, नेपालमा काम गर्ने विदेशी श्रमिकको श्रम स्वीकृति, श्रमिक आपूर्तिकर्ताको दर्ता/नवीकरण, व्यवसायजन्य दुर्घटना विवरण दर्ता, श्रम अडिट पेस र प्रतिष्ठान दर्तालगायत सेवा अनलाइनमार्फत गर्न सुरु गरिएको विभागका निर्देशक मणिनाथ गोपले जानकारी दिए ।

विभागमार्फत प्रदान हुने सेवा आइएलएमआइएस डट डिओएलओएस डट जिओभी डट एनपीबाट लिन सकिनेछ । विभागले विदेशी नागरिकको श्रम इजाजत, श्रमिक आपूर्तिकर्ता र ट्रेड युनियनसम्बन्धी कार्य गर्दै आएको छ । सूचना व्यवस्थापन प्रणालीबाट विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गर्ने र खारेजी गर्ने, श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र जारी, नवीकरण, सेवा तथा कार्यक्षेत्र परिवर्तन र थपघट, इजाजतपत्र खारेजीलगायतको काम हुनेछ ।

यस्तै श्रम अडिट पेस गर्ने, व्यवसायजन्य दुर्घटनाको विवरण दर्ता, प्रतिष्ठान तथा श्रमिकको तथ्यांक अद्यावधिक, श्रम विवादसम्बन्धी निवेदन दर्ता, ट्रेड युनियन दर्ता तथा नवीकरण, नाम परिवर्तन, खारेजी र विधान संशोधनलगायतको गर्न सकिनेछ । यसअघि उक्त सेवा विभाग वा मातहतका कार्यालयमा भौतिकरूपमा उपस्थित भएर लिनुपर्ने अवस्था थियो । विभागले भद्रपुर, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौंडा, टेकु, पोखरा, बुटवल, नेपागन्ज, सुर्खेत र धनगढीस्थित कार्यालयबाट सेवा प्रवाह गर्दै आएको छ ।

अनलाइनबाट सेवा प्रवाह हुन थालेपछि सेवाग्राहीलाई विभाग वा कार्यालयमा पटक-पटक आइरहनुपर्ने झण्झटबाट मुक्ति मिल्ने, समयको बचत हुने, अभिलेख व्यवस्थित हुने, 'पेपरलेस र फेसलेस' सेवा प्रदान, सहजरूपमा तथ्यांक प्राप्त हुने प्रतिष्ठान तथा श्रमिकको तथ्यांक अद्यावधिक हुने विभागका महानिर्देशक केशवप्रसाद विमलीले जानकारी दिए ।

विभागले गत आर्थिक वर्षमा ९७ देशका दुई हजार ९९८ विदेशी नागरिकलाई श्रम इजाजत प्रदान गरेको छ । विभागका अनुसार गत आवमा ५२ वटा श्रमिक आपूर्तिकर्ता इजाजतपत्र प्रदान, ३६१ वटा नवीकरण, दुई वटा ट्रेड युनियन महासंघ दर्ता, १८ वटा ट्रेड युनियन दर्ता, ६१ वटा ट्रेड युनियन नवीकरणलगायतको काम सम्पन्न गरेको थियो । कार्यक्रममा श्रममन्त्री भण्डारीले अनलाइन प्रणाली कार्यान्वयनमा आएसँगै नेपालको श्रमबजार व्यवस्थित र मर्यादित हुने बताए । सुशासनको अनुभूति दिन गरी सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने उद्देश्यले अनलाइन प्रणाली सुरु गरिएको उनको भनाइ छ ।

'सेवा प्रवाहलाई डिजिटाइजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहतका सबै सेवा अनलाइन प्रणालीमा लगिएको हो,' उनले भने । स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई सवलीकरण गरी वैदेशिक रोजगार, आन्तरिक रोजगारी र सीप परीक्षणसम्बन्धी सेवालाई स्थानीय तहमा पुर्‍याइने उनको भनाइ थियो । विभागका महानिर्देशक विमलीले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ देशभरका सबै कार्यालयबाट अनलाइन सेवा सुरु गरिएको बताए । अनलाइन प्रणालीको सञ्चालनसँगै छिटोछरितो सेवा प्रवाह हुने, व्यवसायस्थलबाटै सेवा प्राप्त गर्न सकिने उनको भनाइ छ ।

## एक वर्षमा भित्रियो १२ खर्ब २० अर्ब रेमिट्यान्स

**काठमाडौं (प्रस)–** गत आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह १२ खर्ब २० अर्ब ५६ करोड रूपैयाँ पुगेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आवमा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले बढेको हो । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४.८ प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैंकका अनुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२.१ प्रतिशतले वृद्धि भई नौ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २.२ प्रतिशतले बढेको थियो । त्यस्तै समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४०.३ प्रतिशतले बढेर चार लाख ९७ हजार ७०४ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ३९२ प्रतिशतले बढेको थियो ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा १.८ प्रतिशतले कमी आई दुई लाख ७७ हजार २७२ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या १९८.५ प्रतिशतले बढेको थियो ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



**चकटी बुन्दै महिला** | भक्तपुरको बोडेमा खरको चकटी बुन्दै स्थानीय महिला । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# सन्तवीर र मायालुलाई तामाङ मिडिया अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको तामाङ मिडिया अवार्ड पत्रकारद्वय सन्तवीर मोक्तान र मायालु ङचास्युरले पाएका छन् । तामाङ पत्रकार संघले २९औं तामाङ प्रसारण दिवसको अवसरमा शुक्रबार अवार्ड वितरण गरेको हो । राजधानीमा आयोजित समारोहमा बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तिर्थबहादुर लामाले पत्रकारद्वय मोक्तान र ङचास्युरलाई अवार्ड प्रदान गरे ।

तामाङ समुदायको भाषा, संस्कार, संस्कृति, धर्म तथा अधिकारलगायत विषयको प्रचारप्रसार गर्दै सञ्चारमा तामाङ समुदायको पहुँच बढाउन योगदान गरेकोले अवार्ड प्रदान गरिएको संघले जनाएको छ । अवार्ड प्राप्त दुवै जना विगत साढे दुई दशकदेखि पत्रकारितामा क्रियाशील रहँदै आएको अवार्ड छनोट समितिका संयोजक प्रतीक ङेसुर तामाङले जानकारी दिए ।

सुनसरीको धरानबाट प्रकाशित हुने ब्लास्ट टाइम्स दैनिकका धनकुटास्थित सम्पर्क अधिकृत मोक्तानले मिराक साप्ताहिक, क्यापिटल एफएम, रेडियो मकालुलगायतका सञ्चारमाध्यममा काम गरेका छन् । उनले समाचार सम्पादक र तामाङ भाषाको कार्यक्रम निर्माताका रूपमा रेडियोमा काम गरेका थिए । विगत २५ वर्षदेखि पत्रकारितामा क्रियाशील उनी तामाङ पत्रकार संघ धनकुटा र कोशी प्रदेश समितिका पूर्वअध्यक्ष हुन् ।

यस्तै २०५५ मा रेडियो सगरमाथाबाट पत्रकारिता सुरु गरेकी ङचास्युर हाल इण्डिजिनियस टेलिभिजनसँग आबद्ध छिन् । उनी उक्त टेलिभिजनबाट प्रसारण हुने 'दुईलामा म्हेन्दो' नामक तामाङ भाषाको कार्यक्रम निर्माता एवं प्रस्तोता हुन् । काभ्रे तेमालकी ङचास्युरले मेट्रो एफएम र एचबिसी एफएममा तामाङ भाषाको कार्यक्रम सञ्चालक, वर्ल्ड भिजन एड्भोकेसी फोरममा रेडियो कार्यक्रम संयोजकको रूपमासमेत काम गरेकी थिइन् ।

२०५१ भदौ १ गते पहिलोपटक रेडियो नेपालबाट तामाङ भाषामा समाचार प्रसारण भएको अवसरलाई तामाङ समुदायले प्रसारण दिवसको रूपमा मनाउँदै आएको छ । यसै अवसरमा संघले दुई जना तामाङ पत्रकारलाई तामाङ मिडिया अवार्ड प्रदान गर्दै आएको छ । अवार्डका साथ जनही पाँच हजार रूपैयाँ प्रदान गरिएको संघका अध्यक्ष सुवास योञ्जनले बताए ।



कार्यक्रममा बोल्दै मन्त्री लामाले लामो समयदेखि नेपालमा बसोबास गर्दै आए पनि तामाङ जातिको पहिचानलाई राज्यले स्वीकार नगरेको बताए । आफ्नो आवाज र पहिचानका लागि निरन्तर लड्नुपर्ने भन्दै उनले हेपिने र थिचिने पहिचानलाई नस्वीकार्ने हो भने तामाङले आवाज उठाउने बताए ।

बागमती प्रदेशको सदन सञ्चालनमा आएपछि तामाङ र नेवारी भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गरिने विधेयक पास गर्न लागेकोसमेत उनले जानकारी दिए । कार्यक्रममा संघले प्रकाशन गरेको 'ह्याङला काई' पुस्तक सार्वजनिक गरिएको थियो ।

## प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल एमाले अध्यक्ष ओलीबीच बालुवाटारमा भएको छलफलमा सहमति जुटेन । दिउँसो ३ बजेका लागि बानेश्वरमा बोलाइएको अर्को बैठकमा पनि सहमति नभएपछि अपराह्न ४ बजे बोलाइएको बैठक सूचना टाँसेर स्थगित गरिएको थियो ।

साउन २३ गते प्रतिनिधि सभाको बैठकमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सांसदहरूले सोधेका प्रश्नको जवाफ दिएका थिए । विभिन्न दलबाट १२ जना सांसदहरूले भनाइ राखेपछि बोलेका गृहमन्त्री श्रेष्ठको जवाफ चित्त नबुझेको भन्दै एमालेले संसद् अवरुद्ध गरेको थियो ।

चैत २४ गते दिउँसो १ बजेका लागि बोलाइएको बैठक पनि एमालेले होहल्ला र नाराबाजी गर्दै अवरोध गरेपछि साउन २६ गतेका लागि बोलाइएको थियो । साउन २६ गतेको प्रतिनिधिसभा बैठकमा सभामुख देवराज घिमिरेले एमाले सांसद ज्वालाकुमारी साहलाई बोल्न दिएपछि सत्तापक्ष सांसदहरूले पनि बोल्न समय माग्दै होहल्ला गरे । त्यसपछि एमाले सांसदहरूले सभामुखको बेल घेराउसहित नाराबाजी गर्दै संसद् अवरुद्ध गरेका थिए ।

साउन २९ गते बसेको प्रतिनिधिसभाको बैठकमा सभामुख घिमिरेले सत्तारुढ दलको तर सरकारको विरोधमा बोल्न चाहेका कांग्रेस सांसद सुनील शर्मालाई समय दिएका थिए । त्यसपछि एमाले सांसद मानवीर राईलाई समय दिएका थिए । राईले बोलेपछि राष्ट्रिय स्वतन्त्र पार्टीका नेता रवि लामिछानेले बोल्ने समय मागे । तर, सभामुखले शून्य समयको कारबाही अघि बढाए । लगत्तै एमाले सांसदहरूले नाराबाजी गर्दै संसद् अवरुद्ध गरेका थिए । अवरुद्ध बैठक आइतबार दिउँसो १ बजे बस्दै छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/२१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बोजिम साबिक कम्पनी को नाम **होटल शुभयात्रा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन कर दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने ब्याहोर्ने गरी कम्पनिको नाम परिवर्तन गरी **ईसेन्सियल इन्स्टिटच्यूट अफ हस्पिटालिटी प्रा. लि. (Essential institute of hospitality Pvt. Ltd.)** कायम गरिएको ब्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## दोरम्बा शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

### पशु चिकित्सक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०५।०१**

प्रस्तुत बिषयमा **दोरम्बा शैलुङ गाउँपालिका** पशु सेवा शाखाको लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्ता दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फाराम, दरखास्ता दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहित विस्तृत विवरण कार्यलयबाट उपलब्ध हुनेछ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | पशु चिकित्सक | स्थानिय सेवाको छैटौ तह सरह | १ | १०००।- | |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव :**
(क) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा कम्तिमा स्नातक उर्त्तिण गरेको र परिषदमा दर्ता भएको ।
**(ख) उमेर :-** कम्तिमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको)
२. **दरखास्ता दिने स्थानः-** दोरम्बा शैलुङ गाउँपालिकाको कार्यालय टोकरपुर, रामेछाप अथवा यस गाउँपालिकाको इमेल **ito. doambamum@gmail.com** मार्फत प्रमाणित गरि **PDF** बनाई पठाउन सकिनेछ ।
३. **दरखास्ता दिने अन्तिम मिति :-** २०८०।०५।१५
४. **दरखास्ता फारम बुझाउने स्थान :-** दोरम्बा शैलुङ गाउँपालिकाको कार्यालयको राजस्व खाता ग १.१ नं. २६१०४०१००००००८ आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै भौचर दरखास्त फारमको साथ पेश गर्नुपर्नेछ ।
५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यता कमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।
६. **आवेदनका साथ संलग्न कागजात :-** नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, परिषद्मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा कार्य अनुभव भए कार्यअनुभव पत्र, कार्यलयमा उपलब्ध फाराम भरी तोकिएको दस्तुर तिरेको रसिद र २ प्रति फोटो हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।
७. **परीक्षा सम्बन्धित जानकारीः** पछि प्रकाशन गरिनेछ ।
८. **थप जानकारीको लागिः ९८५४०६६६००**
९. **तलब तथा करार अवधि :-** स्थानिय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ बमोजिम ।

**नोट** : सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमख प्रशासकीय प्रमुखको संयोजकत्वमा रहेको छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMANDISE BAKERY LTD

पूर्व स्वीकृति मिति : २०७८/०९९/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०१ LT. No.:251366 चलानी नं.: ६०१७११५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKERY OPERATOR | 20 | 0 | 14000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १९,५००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHUZAMA RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/०४/३१ LT. No. :291045 चलानी नं.६०२०६१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ४२,८७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1400 | ५१,१३० | | | | | | | |
| 3 | Executive Sales | 2 | 0 | 2100 | ७६,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ८ गते (25th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः (माथिको सूचना १)–७) जस्तै, "अन्याथा" बाहेक)

यो विज्ञापन LT No. 291045 मितिः २०८०/०५/०१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको ब्योहोरा जानकारी गरिन्छ ।

The Center Overseas Concern Pvt.Ltd श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR MASTERS TRADING MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०१ LT. No. 291195 चलानी नं. ६०२०६४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 60 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः (माथिको सूचना १)–७) जस्तै)

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : M/S WAJIHA ARMAH

पूर्व स्वीकृति मिति २०८०/०५/०१ LT. No. 291103 चलानी नं. ६०२०६३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 2 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः (माथिको सूचना १)–७) जस्तै)

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH ZAID AL-OTAIBI EST. FOR CARS

पूर्व स्वीकृति मिति २०८०/०४/३२ LT. No. 290961 चलानी नं. ६०२०६३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 3000 | १०६,३७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1900 | ६७,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
श्रम ईजाजत नं. ७९४/०६५/०६६
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

# सूचना ! सूचना !! सूचना !!!

यस मानसरोवर मेडिहेल्थ प्रा. लि. बाट सप्लाई गरिने औषधी तथा औषधी जन्य सामानहरूको आ. ब. २०८०।८१ को लागि निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधी तथा औषधी जन्य सामानहरू कुनै संध संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा निम्नानुसारको दररेटमा खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

E-mail: mansarovarpvt@gmail.com , Ph : 9851335876

| S.N | Name of goods | unit | Rate |
|---|---|---|---|
| 1 | Lignocaine vial 30ml | vial 30ml | 55.00 |
| 2 | Lignocaine with adrenaline 1:10000 | inj | 55.00 |
| 3 | Paracetamol inj 2ml amp | inj 2ml amp | 27.00 |
| 4 | paracetamol 500mg | tab | 1.00 |
| 5 | paracetamol syrup 60ml | syrup 60ml | 30.00 |
| 6 | Aspirin 75mg | tab | 2.00 |
| 7 | Ibuprofen 400mg | tab | 2.00 |
| 8 | Ibuprofen 200mg | tab | 1.50 |
| 9 | Ibuprofen 100mg/5ml | syp | 32.00 |
| 10 | Diclofenac inj 25mg/ml | inj | 12.00 |
| 11 | Diclofenac 50mg | tab | 4.00 |
| 12 | pheniramine 22.75mg/ml, 2ml inj | amp | 12.00 |
| 13 | cetrizine HCL 10mg | tab | 4.00 |
| 14 | Cetrizine HCL susp 5mg/ml, 30ml | susp | 45.00 |
| 15 | Metronidazole infusion 500mg/100ml inj | infusion | 35.00 |
| 16 | Metronidazole 400mg | tab | 4.00 |
| 17 | Metronidazole 200mg | tab | 2.00 |
| 18 | Albendazole 400mg | tab | 10.00 |
| 19 | metronidazole suspension 200mg/5ml, 60ml | suspension | 55.00 |
| 20 | Tinidazole 500mg | tab | 5.00 |
| 21 | Amoxycilline 125DT | tab | 0.50 |
| 22 | Amoxycilline 250DT | tab | 5.00 |
| 23 | Amoxycillin 125mg/5ml syrup | syp | 70.00 |
| 24 | Amoxycillin capsule 500mg | cap | 8.00 |
| 25 | Gentamycine sulphate inj 40mg/ml in 2ml | inj | 21.00 |
| 26 | Ampicilline powder for Iv/IM inj 250mg vial | inj | 25.00 |
| 27 | Ampicillin powder for IV/IM injection 500mg vial | inj | 30.00 |
| 28 | Benzathine benzyl penicillin powder for inj 1200000 IU | inj | 35.00 |
| 29 | Ciprofloxacine 250mg | tab | 5.00 |
| 30 | ciprofloxacine 500mg | tab | 8.00 |
| 31 | ciprofloxacine infusion 200mg/100ml | infusion | 45.00 |
| 32 | ciprofloxacilline e/e drop 0.3% 5ml | e/e drop | 30.00 |
| 33 | Eye ointment ciprofloxacine eye ointment 0.3% 5gm | eye ointment | 27.00 |
| 34 | Tetracyclin eye ointment 1% 5gm | eye ointment | 45.00 |
| 35 | Ceftriaxone inj 1gm/vial | inj | 89.00 |
| 36 | Ceftriaxone inj 500mg/vial | inj | 65.00 |
| 37 | Sulphamethoxazole+ Trimethoprim 480mg tab | tab | 4.00 |
| 38 | Sulphamethoxazole+ Trimethoprim 960mg tab | tab | 5.00 |
| 39 | Doxycycline 100mg capsule | cap | 6.00 |
| 40 | Azithromycine 250mg | tab | 17.00 |
| 41 | cloxacillin caps 250mg | caps | 8.00 |
| 42 | cloxacillin 500mg | caps | 12.00 |
| 43 | Cloxacilline syrup 125mg/5ml | syp | 120.00 |
| 44 | Fluconazole 150mg | cap | 24.00 |
| 45 | Ferrous sulphate + Folic Acid 60mg iron+400mcg folic acid | tab | 2.50 |
| 46 | Compound solution of sodium lactate (RL) 500ml | infusion | 50.00 |
| 47 | Sodium chlorides (NS) 500ml | infusion | 53.00 |
| 48 | Dextrose solution (DNS) 5% w/v 500ml | infusion | 53.00 |
| 49 | Dextrose (Glucose) 25% of 50ml solution | inj | 52.00 |
| 50 | Hydrochlorothiazide 12.5mg | tab | 3.00 |
| 51 | Calamine lotion 30ml 15% w/v | lotion | 45.00 |
| 52 | Povidine iodine liq 5% w/v | liq | 360.00 |
| 53 | Alumunium hdroxide +Mag.trisilicate 250mg+250mg | tab | 2.50 |
| 54 | Ranitidine inj 2ml 25mg/ml | inj | 7.00 |
| 55 | Ranitidine 150mg | tab | 3.00 |
| 56 | Atropine (As sulphate 0.6mg/ml) | inj | 12.00 |
| 57 | Hyoscine butylbromide inj 20mg/ml | inj | 33.00 |
| 58 | Hyoscine butlbromide 10mg | tab | 18.00 |
| 59 | Oral rehydration solutions ors WHO formula -sachet/ltr | powder | 10.00 |
| 60 | Clove oil 5ml | liq | 35.00 |
| 61 | Metoclorpropamide 10mg | tab | 3.00 |
| 62 | Metoclorpropamide inj 2ml /5mg/ml | inj | 21.00 |
| 63 | Metoclorpropamide solution 5mg/5ml | solution | 30.00 |
| 64 | Promethazine hydrochloride 25mg | tab | 5.00 |
| 65 | Charcol activated 10gm/sachet | powder | 70.00 |
| 66 | Benzoic acid + salicylic acid 30gm 6%+3% w/w | 30 gm tube | 65.00 |
| 67 | Frusemide 40mg | tab | 1.00 |
| 68 | Frusemide inj 2ml/10mg/ml | inj 2ml amp | 12.00 |
| 69 | Dexamethasone inj 4mg/ml,2ml | inj | 21.00 |
| 70 | Salbutamol 4mg | tab | 2.00 |
| 71 | Prednisolone 10mg | tab | 4.00 |
| 72 | Pralidoxim sodium inj 500mg | inj | 200.00 |
| 73 | Hydrocortisone powder for inj 100mg /vial | powder for inj | 100.00 |
| 74 | Adrenaline inj 1mg in 1ml | inj | 21.00 |
| 75 | Silver sulphadizine cream 25g 1% w/w tube | cream | 90.00 |
| 76 | Clotrimazole skin cream 15gm 1% w/v, 15ml | cream | 100.00 |
| 77 | Clotrimazole mouth paint 1% w/v, 15ml | mount paint | 125.00 |
| 78 | Clotrimazole presSARY 100MG | pressary | 12.00 |
| 79 | Gention violet 1% sol 10ml | 1% sol | 21.00 |
| 80 | Allopurinol 100mg | tab | 4.00 |
| 81 | Allopurinol 300mg | tab | 5.00 |
| 82 | Oxymethazoline nasal drop 0.05%/10ml | nasal drop | 90.00 |
| 83 | Oxymethaszoline Nasal 0.025%/10ml | nasal drop | 80.00 |
| 84 | Levothyroxine 25mcg | tab | 2.00 |
| 85 | Levothyroxine 50mcg | tab | 2.00 |
| 86 | Folic Acid 5mg | tab | 3.00 |
| 87 | Pyridoxine 10mg | tab | 150.00 |
| 88 | Oxytocin 10IU, 1ml | inj | 2.00 |
| 89 | Magnesium sulphate inj 500mg/ml in 2ml ampoule | inj | 35.00 |
| 90 | Permethrin lotion 1%/100ml | lotion | 120.00 |
| 91 | Permethrin cream 5% w/v 30gm | cream | 120.00 |
| 92 | Amlodipine 5mg | tab | 5.00 |
| 93 | Nifedipine 10mg | tab | 6.00 |
| 94 | Losartan 25mg | tab | 4.00 |
| 95 | Losartan 50mg | tab | 5.00 |
| 96 | Methyldopa 250mg | tab | 69.00 |
| 97 | Digoxin 0.25mg | tab | 3.00 |
| 98 | Metformin 500mg | tab | 2.00 |
| 99 | Phenobarbitial 30mg | tab | 3.00 |
| 100 | Phenobarbitial inj 100mg/ml | inj | 35.00 |
| 101 | Albendazole 400mg | tab | 10.00 |
| 102 | Albendazole susdpension 200mg/5ml | suspension | 18.00 |
| 103 | Carbamazepine 100mg | tab | 3.00 |
| 104 | Carbamazepine 200mg | tab | 4.00 |
| 105 | Valporic acid 200mg | tab | 11.00 |
| 106 | Amitryptilline 25mg | tab | 5.00 |
| 107 | Amitryptilline 10mg | tab | 2.00 |
| 108 | chlorpromazine 100mg | tab | 2.00 |
| 109 | Diazepam 5mg | tab | 3.00 |
| 110 | Diazepam inj 5mg/ml, 2ml | inj | 33.00 |
| 111 | Enalapril 2.5mg | tab | 2.00 |
| 112 | Enalapril 5mg | tab | 4.00 |
| 113 | Nitrofurantion 100mg | tab | 8.00 |
| 114 | Atorvastatin 10mg | tab | 10.00 |
| 115 | Glimperide 1mg | tab | 5.00 |
| 116 | Glimperide 2mg | tab | 8.00 |
| 117 | Risperidone 1mg | tab | 5.00 |
| 118 | Risperidone 2mg | tab | 6.00 |
| 119 | Fluoxetine 20mg | tab | 3.00 |
| 120 | Thiamine 100mg | tab | 5.00 |
| 121 | Mefipristone +Misoprostol combi pack includes 200mg+4(200) mcg | tab | 650.00 |
| 122 | Misoprostol 200mcg | tab | 5.00 |
| 123 | Chlorhexidine (CHD) solutrion 0.2% oral solution | solution | 80.00 |
| 124 | Neomycin skin ointment 15gm ointment | tube | 90.00 |
| 125 | Vitamin b complex vit B1 10mg, B2 10mg, B6 3mg, cyanocobalamin 15mcg (TherPEUTIC DOSE) | cap | 4.00 |
| 126 | Alprazolam 0.25mg | tab | 1.70 |
| 127 | Zinc sulphate 20mg | tab | 4.00 |
| 128 | Zinc sulphate 10mg | tab | 3.00 |
| 129 | Doxycycilline 100mg | cap | 6.00 |
| 130 | cefixime 200mg | tab | 20.00 |
| 131 | Ipratropium Reapulses Nebuliser solution 1mg /2ml | respules | 12.00 |
| 132 | Salbutamol solution for nebulization 1mg/ml of 15ml | soluion for nebulization | 23.00 |
| 133 | IV infusion set pcs set | set | 45.00 |
| 134 | Iv Cannula diff size 20 NO, 22 No | pcs | 45.00 |
| 135 | Absorbent cotton 400grm roll | roll | 420.00 |
| 136 | Bandage 35 TPI 90*180 | than | 420.00 |
| 137 | Gauze 40 TPI 90*180 | than | 420.00 |
| 138 | Surgical gloves 7 no | pair | 45.00 |
| 139 | Examination gloves large size 7 no | pcs | 21.00 |
| 140 | phenol 500ml | bottle | 120.00 |
| 141 | Harrpic 1 ltr | bottle | 120.00 |
| 142 | Utility gloves rubber | pair | 120.00 |
| 143 | Disposable syringe 3ml | pcs | 5.00 |
| 144 | Disposable syringe 5ml | pcs | 5.00 |
| 145 | Disposable syringe 10ml | pcs | 12.00 |
| 146 | Insulin syringe 1ml | pcs | 12.00 |
| 147 | Non Absorable suture set mersilk 2-0 | pcs | 220.00 |
| 148 | Chromic catgut 2-0 absorbable 12pcs per box | pkt | 220.00 |
| 149 | Adhesive tape roll 90*18 metre | roll | 290.00 |
| 150 | Surgical blade 11 no | pcvs | 12.00 |
| 151 | NG tube (Ryles tube) between 12F to 18 F (normal adult size) | pcs | 120.00 |
| 152 | Rectified spirite 450ml | bottle | 240.00 |
| 153 | Handiplast | pc | 2.00 |
| 154 | Weighting Machine (Up to 25 kg-child) (Hanging with colour code) to weigh infants* (salter scale) | pcs | 3,000.00 |
| 155 | Implant Insertion Set | Set | 7,000.00 |
| 156 | Implant Removal Set | Set | 8,000.00 |
| 157 | Delivery Set | Set | 4,500.00 |
| 158 | Themometer Digital | Pcs | 300.00 |
| 159 | Ketorolac Inj | 1ml | 32.00 |
| 160 | Tramadol Inj | 2ml | 32.00 |
| 161 | Pantoprazole Inj | 40mg | 100.00 |
| 162 | Inj Ceftrixone 250gm | 250mg | 55.00 |
| 163 | Sodium Chlorides (NS) | Bottle | 53.00 |
| 164 | Inj Traneximic Acid | Vial | 100.00 |
| 165 | Tetanu Toxoid (TT) | Injection | 32.00 |
| 166 | Vitamin K1 | Injection | 45.00 |
| 167 | Calcium Gluconate | Injection | 45.00 |
| 168 | Inj Pcm/100ml/1gm | Bottle | 390.00 |
| 169 | Enema Solution | Bottle | 70.00 |
| 170 | Easy Fix | Pcs | 25.00 |
| 171 | Ondansetran | Ampule | 32.00 |
| 172 | Uro Bag | Pcs | 120.00 |
| 173 | Foley's Catheter | Pcs | 120.00 |
| 174 | Dressing Set | Set | 4,500.00 |
| 175 | Virex Powder | Pkt | 55.00 |
| 176 | Bp Set original With Aneroid Sphygmomanometer & Stethoscope | Pcs | 3,490.00 |
| 177 | Digital Weighting Machine (For Adult) | Set | 4,500.00 |
| 178 | Pan Scale (Upto 10kg ) for Newborn | Set | 5,500.00 |
| 179 | ENT Set | Pcs | 9,000.00 |
| 180 | Rubber Sheet | Metter | 300.00 |
| 181 | Surgical Mask | Pcs | 5.00 |

# फोहोरको दीर्घकालीन व्यवस्थापन



टीकादास श्रेष्ठ

स्रोतमा फोहोरको व्यवस्थापनका लागि कुहिने नकुहिने फोहोरलाई छुट्टाछुट्टै वर्गीकरण गरेर व्यवस्थापन गर्न सके कुहिने फोहोरलाई कम्पोस्ट मलको रूपमा प्रयोग गर्न सकिने र नकुहिने फोहोरलाई पनि पुनः प्रयोग गर्ने वा नवीकरण गरी प्रयोगमा ल्याउन सके यसबाट पनि फोहोरबाट मोहर कमाउनुका साथै सुन्दर नेपाल निर्माणमा मह□वपूर्ण योगदान पुग्ने देखिन्छ ।

हाम्रा नेतृत्वले सहरका सुन्दरतासँग जोडिएको फोहोरको व्यवस्थापनमा दीर्घकालीन सोच राखेर काम गर्ने प्रणालीको विकास गर्न नसक्दा अहिले यो विषय हामी सबैको टाउको दुखाइको विषय बनिरहेको छ। यसकै कारण हाम्रा पुर्खाले देखेको सुन्दरता हामीले देख्न नपाउने अवस्था बनेको छ । आधुनिकता र सहरीकरणसँगै बढ्ने प्रदूषण तथा फोहोरको मात्रालाई मध्यनजर गरी फोहोरलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्ने प्रणालीको विकास गर्ने काम विगतका नेतृत्वले नगर्दा अहिले पनि ल्याण्डफिल्ड साइटमा गोलमोटल सबै प्रकारका फोहोरलाई खाल्डोमा पुर्न पठाउनमा नै स्थानीय तहहरूको दैनिकी जस्तो बनेको छ । यसरी फोहोर स्रोतमा वर्गीकरण नगरी सीधै ल्याण्डफिल्डमा पठाउँदा खाल्डो तोकिएकोभन्दा छोटो अवधिमा नै भरिएर अर्को नयाँ खाल्डो तयार गर्नुपर्ने बाध्यता रहेको छ।

केही दिनअघि पंक्तिकारले एउटा गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी हुने अवसर पाएको थियो । उक्त गाउँपालिकाले यस वर्ष दुई ठाउँमा 'डम्पिङ साइट' निर्माण गरेर बोतल, प्लास्टिकलगायतका फोहोरहरू खाल्डोमा पुर्नका लागि बजेट तथा कार्यक्रम अगाडि बढाएको रहेछ । यसबाट पनि के थाहा हुन्छ भने काठमाडौंलगायतका प्रमुख सहरहरूमा टाउको दुखाइको विषय बनेको फोहोरको सवाल विस्तारै अब ग्रमीण भेगमासमेत देखापर्न थालेको छ । नयाँ बनेका सिंहदरबारले समेत सही ढंगबाट फोहोरको व्यवस्थापन नगर्ने हो भने नेपाललाई 'डम्पिङ साइट'को देश भनेर चिनाउन लामो समय लाग्दैन । हरेक नगरपालिका र गाउँपालिकाहरूसमेत विस्तारै सहकारीकरणतर्फ उन्मुख भइरहेको अवस्थामा फोहोरको वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्न जरुरी छ । अन्यथा यो भविष्यमा काठमाडौंलगायतका प्रमुख सहरहरूको टाउको दुखाइको विषय बनेको फोहोरको सवाल गाउँमासमेत समस्या बनेर देखापर्नेछ । विगत लामो समयदेखि डम्पिङ साइट आसपासका नागरिकहरूले बेहोर्नुपरेको दीर्घकालीन समस्या ग्रामीण भेगका जनतालेसमेत बेहोर्नुपर्ने निश्चित छ ।

पछिल्लो समय बढ्दो जनसंख्या र बढ्दो सहरीकरणले गर्दा काठमाडौंलगायतका सहरहरू दिनप्रतिदिन प्रदूषित बन्दै गइरहेको छ । काठमाडौंको गल्ली, चोक, नदी तथा सार्वजनिकस्थलहरूमा थुप्रिएर जनजीवन प्रभावित बनाउने फोहोरको मुद्दा केही समयअघि प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमासमेत प्रवेश गरेको थियो । काठमाडौं महानगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको सिंहदरबारले फोहोर व्यवस्थापनलगायत स्थानीय तहको काम कारबाहीमा असहयोग गरेपछि स्थानीय र संघीय सरकारको बीचमा फोहोर व्यवस्थापनकै विषयमा लामो समयसम्म टकराव उत्पन्न भएर उक्त मुद्दा अदालतसम्म नै पुगेको थियो । काठमाडौं महानगरको फोहोरलाई व्यवस्थापन गर्नका लागि स्रोतमै वर्गीकरण गरी 'जिरो वेस्ट' (शून्य फोहोर) नीति लिएको भए पनि उक्त नीति काठमाडौं महानगरपालिकाले पूर्णरूपमा कार्यान्वयन गर्न सकिरहेको छैन ।

## फोहोरको स्रोत, फोहोरको वर्गीकरण तथा व्यवस्थापनः

फोहोर व्यवस्थापनका सवालहरू उठ्दा फोहोरको स्रोत कहाँ र कसरी उत्पादन हुन्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्न'पर्ने हुन्छ । फोहोर उत्पादन हुने क्षेत्रहरूमा घर सामुदायिक निकाय, व्यापारिक क्षेत्र, उद्योग, स्वास्थ्य सेवा केन्द्र, स्कुल-कलेज, विश्वविद्यालय, पुस्तकालय, सरकारी कार्यालयहरू र मासु पसललगायतका क्षेत्रहरूबाट फोहोर उत्पादन हुने गर्दछ ।

फोहोर उत्पादन हुने क्षेत्रको पहिचानपश्चात् कसरी ती निकायहरूबाट व्यवस्थितरूपमा सम्बन्धित क्षेत्रमै वर्गीकरण गरेर फाल्नुपर्ने वा उपयोग नहुने फोहोरको मात्रालाई शून्यमा झार्न सकिन्छ भन्नेतर्फ ध्यान दिनु आवश्यक छ । फोहोर जहाँबाट उत्पादन हुन्छ त्यहीँ नै वर्गीकरण गर्ने परिपाटी लागू गर्न सकियो भने स्रोतभन्दा टाढाको स्थानमा सिर्जना हुने जटिलता स्वतः हटेर जान्छ भन्ने कुराको अभ्यास नेपाल सरकार सहरी विकास मन्त्रालयअन्तर्गत अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति मातहतमा सञ्चालित फोहोरमैला व्यवस्थापन तथा सामाजिक परिचालन कार्यक्रमअन्तर्गत एकीकृत विकास समाज नेपाल (आइडिएस)ले फोहोर व्यवस्थापनको नवीन सोच समुदायमा फैलाउने काम गर्दै आएको छ ।

फोहोरको प्रकृतिअनुसार फोहोरलाई तीन भागमा वर्गीकरण गरिन्छ। जसमा जैविक तथा कुहिने फोहोर, अजैविक तथा नकुहिने फोहोर, र संक्रमित तथा हानिकारक फोहोर पर्दछन् । यी प्रकृतिअनुसारका फोहोरलाई हामीले स्रोतमा फोहोरको वर्गीकरण गर्न'पर्ने हुन्छ । वर्गीकरण गर्ने क्रममा कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संग्रह गर्न'का साथै कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउन सकिन्छ । जसलाई हामी अर्गानिक कृषि सामग्री उत्पादनमा उपयोग गर्न सक्छौं । काठमाडौं उपत्यकालगायतका प्रमुख सहरहरूमा कौशी खेतीलाई प्रवर्द्धन गर्नका लागि कम्पोस्ट मलले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

नकुहिने फोहोरहरूमध्ये कतिपय फोहोरहरू हामी प्रशोधन नगरिकन पुनः प्रयोग गर्न सक्छौं भने कतिपय नकुहिने फोहोरलाई प्रशोधन गरेर प्रयोग गर्न सकिन्छ । पुनःप्रयोग गर्न नमिल्ने र प्रशोधन पनि गर्न नमिल्ने खालका फोहोरलाई मात्र हामीले वर्गीकरण गरेर ल्याण्डफिल्ड साइटमा सुरक्षितपूर्वक पठाउने प्रबन्धका लागि पनि स्रोतमा नै फोहोरको वर्गीकरण गर्ने प्रणालीलाई अनिवार्यरूपमा अगाडि बढाउन आवश्यक छ ।

तेस्रो संक्रमित तथा हानिकारक फोहोर जसले मानव स्वास्थ्यलाई नै गम्भीर असर गर्ने गर्दछ । जस्तैः मिति गुज्रिएको औषधि, ब्याट्री, अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट निस्कने संक्रमित तथा हानिकारक फोहोरहरूलाई स्रोतमा नै छुटचाएर राखियो भने त्यसलाई विशेष प्रविधिबाट प्रशोधन गरी विसर्जन गर्न सकिन्छ । त्यसैले तपाईं हामीले स्रोतमा नै फोहोरलाई वर्गीकरण गरेर छुट्टाछुट्टै भाँडोमा राख्न सक्यौं भने यो प्रणालीले हाम्रो वातावरणीय सुन्दरता निर्माणमा सहयोग गर्नुका साथै फोहोरको परिणाम घटन गई ल्याण्डफिल्ड साइटमा जाने फोहोरको मात्रालाई कम गर्न सहयोग पुऱ्याउँदछ । यो प्रणालीले गर्दा निश्चित समयावधिका लागि निर्माण गरिएको ल्याण्डफिल्ड समयअगावै भरिने सम्भावना पनि घटेर जान्छ । एक प्रकारले भन्ने हो भने ल्याण्डफिल्डको देश भनेर परिचित हुन लागेको विकराल अवस्थालाई हटाउनका लागि पनि अबको पहिलो काम भनेको स्रोतमै फोहोरको वर्गीकरण गर्नु नै हो ।

## अनुगमन तथा मूल्यांकनमा नयाँ अभ्यासः

यो पंक्तिकार स्वयं केही समयअघि काठमाडौं महानगरपालिका वडा नं. ९ को फोहोरमैला व्यवस्थापनसम्बन्धी अनुगमन तथा मूल्यांकनको कार्यमासमेत सहभागी भएको थियो । आइडिएस नेपाल र बागमती सुन्दरता सरोकार मञ्चले आयोजना गरेको उक्त कार्यक्रममा अनुगमन तथा मूल्यांकन कार्यमा सहभागी हुँदा काठमाडौंबासीले कसरी फोहोर व्यवस्थापन गरेका छन् भन्ने कुराको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा फोहोर उत्पादन हुने क्षेत्रहरूमा घर सामुदायिक निकाय व्यापारिक क्षेत्र उद्योग स्वास्थ्य सेवा केन्द्र स्कुल-कलेज विश्वविद्यालय पुस्तकालय सरकारी कार्यालयहरू मासु पसललगायतका क्षेत्रमा वडा कार्यालयका प्रतिनिधि, प्रहरी प्रतिनिधि र स्थानीय युवा प्रतिनिधिसहितको टोली पहिलोपटक अनुगमनमा जाँदा अनुगमनकर्ताहरूलाई सुरुमा त झट्ट विश्वास नगर्ने देखियो । तर अनुगमन कार्य स्रोतमै फोहोरको वर्गीकरण गर्ने प्रणालीको विकास गर्नका लागि विभिन्न चरणमा गर्ने र सोको प्रतिवेदन स्थानीय वडा कार्यालयमा रहने, स्थानीय तहबाट सेवा सुविधा दिने बेलामा सो प्रतिवेदनलाई समेत आधार मानेर सेवा सुविधा दिने परिपाटीको सुरुआत गर्न लागेको कुरा सुनेपछि भने स्रोतमा नै फोहोरको वर्गीकरण गर्ने विषयमा उतरदाताहरू विश्वस्त बनेका थिए ।

स्रोतमा फोहोरको वर्गीकरण गर्नु भनेको कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै भाँडोमा राख्ने र कुहिने फोहोरलाई कम्पोस्ट मल बनाउने र नकुहिने फोहोरलाई पनि पुनः प्रयोगका निम्ति उपयोगमा ल्याउने र बाँकी रहेको फोहोरमात्र फोहोरको गाडीमा पठाउने प्रबन्ध गर्ने योजनालाई उत्तरदाताहरूले सकारात्मक रूपमा लिएका थिए । परीक्षण अनुगमनको क्रममा नै फोहोरको दिगो व्यवस्थापनको उपायहरूको बारेमा जान्नका लागि प्रायः उत्तरदाताहरू धेरै नै उत्सुक देखिन्थे । यदि पछिल्लो अनुगमनका क्रममासमेत फोहोरलाई वर्गीकरण गरेर छुट्टाछुट्टै भाँडोमा राखिएन भने फोहोर संकलकले फोहोर नउठाउने र वडा कार्यालयले दिने सुविधाहरू रोकेर कारबाही हुनसक्छ भन्ने तवरबाट सम्बन्धित निकायहरू प्रस्तुत हुँदा सजिलै फोहोरको समस्या समाधान हुने निष्कर्ष अनुगमनबाट प्राप्त प्रतिवेदनको सारांश रहेको थियो । उक्त अनुगमन कार्यले धेरै उत्तरदाताहरूबाट फोहोरमैला व्यवस्थापनमा आफ्नो आँखा नै खोलिदिएको भनी प्रशंसासमेत गरेको पाइएको थियो ।

स्थानीय सरकारले फोहोरमैला व्यवस्थापन तथा सामाजिक परिचालनको क्षेत्रमा भर्खरै विकसित भएको अनुगमनको अवधारणालाई व्यवहारमा निरन्तरता दिने कार्यलाई समेत प्रभावकारी ढंगले अगाडि बढाउनका लागि आवश्यक जनशक्ति, अन्य स्रोत र साधान उपलब्ध गराउने हो भने हरेक घरबाट वर्गीकरण नगरिएको फोहोरहरू सीधै ल्याण्डफिल्डमा जानबाट रोक्न सकिने तथ्य प्रमाणित गर्ने आधार अनुगमनबाट प्राप्त भएको थियो ।

अनुगमनका क्रममा ९ नं. वडाअन्तर्गतका



शैक्षिक संस्थाहरूले फोहोरमैला व्यवस्थापनका विषयमा कविता, गीत, कथा, निबन्ध लेखनलगायतका कुनै पनि क्रियाकलाप गरेको पाइएन । यदि यस विषयमा विद्यालयस्तरमा नै विद्यार्थीहरूलाई सहभागी गराउने हो भने हरेक घरबाट स्रोतमा नै फोहोरको वर्गीकरण गर्ने प्रणालीको विकास हुने थियो भन्ने निष्कर्षसमेत निकालिएको थियो ।

## सफाइमा जागरूकता

विभिन्न व्यक्ति तथा निकायले स्रोतमा फोहोरको व्यवस्थापन गरेको विषयको अनुगमनसँगै बागमती सुधार आयोजनाले कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि करिब चार हजारभन्दा बढी कम्पोस्ट बिन खरिद गरेर अनुगमन गरेको क्षेत्रका समुदायलाई वितरण गरेको थियो । सहुलियत मूल्यमा उपलब्ध गराउने, ती बिन प्रयोगका लागि आवश्यक ज्ञान, सीप प्रदान गर्न समुदायस्तरमा सहजकर्ताहरू तयार पार्ने, उनीहरूलाई प्रशिक्षित गर्ने र यी बिनको प्रयोगको समुदायस्तरमा नै अनुगमन गर्नेजस्ता कार्यहरू आयोजनाबाट सञ्चालन गरिएको थियो । सन् २०१६ पश्चात् थालनी गरिएको यो कार्यक्रमको प्रभावकारिताका बारेमा बागमती सुधार आयोजनाले अध्ययन गरी प्रतिवेदनसमेत सार्वजनिक गरेको छ ।

आयोजनाले कम्पोस्ट बिनको प्रभावकारितासम्बन्धी अध्ययन सर्भे विधिमार्फत गरिएको थियो । यसका लागि कम्पोस्ट बिन प्रयोग गरिरहेका ४०० घरमा तथ्यांक संकलन गरिएको भए पनि सम्पूर्ण तथ्यांक प्राप्त भएका ३९३ वटा घरको तथ्यांकलाई मात्र विश्लेषण गरेको आयोजनाले जनाएको छ । आयोजनाले तथ्यांक संकलनका लागि प्रश्नावली तयार गरी तालिमप्राप्त संकलकहरूले मोबाइल फोनमा 'कोबो टुल बक्स' प्रयोग गरी ती प्रश्नावलीसहित घरघरमा पुगेर सर्वेक्षण गरेका थिए भने मोबाइल एप्लिकेसनको प्रयोग गर्न अप्ठेरो भएका केही सर्वेक्षकहरूमार्फत छापिएका प्रश्नावलीहरू प्रयोग गरी तथ्यांकहरू संकलन गरिएको जनाएका छन् ।

गोकर्णेश्वर नगरपालिकाका पाँचवटा वडा (५, ६, ७, ८ र ९), कागेश्वरी मनोहरा नगरपालिकाका दुई वडा (५ र ८) का साथै काठमाडौं महानगरपालिकाका तीनवटा वडा (७, ९ र ३१) मा अध्ययन सर्वेक्षण कार्यक्रम सञ्चालन गरेको बागमती सुधार आयोजनाले यी वडाहरूमा बिन खरिद गरेका ४०० घरधुरीमा सर्वेक्षण गरेको थियो ।

## फोहोरको दीर्घकालीन व्यवस्थापनः

बागमती सुधार आयोजनाले सन् २०२२ अक्टोबरमा झण्डै एक महिनाको अवधि लगाएर सम्पन्न गरेको अध्ययन कार्यमा संलग्न सहभागीहरू ३९३ घरधुरीमध्ये झण्डै ७३ प्रतिशत उत्तरदाता महिला रहेको र त्यसमा पनि अधिकांश उत्तरदाता गृहिणी भएको पाइएको छ । साथै, ९८ प्रतिशत उत्तरदाताले कम्पोस्ट बिनको प्रयोग गरिरहेको अध्ययनले देखाएको छ । यसबाट के प्रस्ट हुन्छ भने बिन वितरण गरिएको क्षेत्रमा स्रोतमा फोहोरको वर्गीकरण गर्नेहरूको संख्या बढेको पाउन सकिन्छ । बिन वितरण सँगसँगै सही ढंगबाट वर्गीकरण गरिएको छ कि छैन भन्ने कुराको अनुगमन तथा मूल्यांकनको पाटोलाई स्थानीय सरकारले कडाइका साथ लागू गर्ने हो भने फोहोरको समस्या दीर्घकालीन रूपमा समाधान हुनसक्छ ।

मनिसहरूमा दिनप्रतिदिन फोहोर व्यवस्थापनको विषयमा सचेत बन्न थालेका छन् । विगतका दिनमा भन्दा मानिसहरू घरायसी कम्पोस्ट विधिबाट मल बनाएर उपभोग गरिरहेको अध्ययनले देखाएको छ । यस विधिबाट गन्ध, कीरा आदि नआउने गरी कसरी उच्च गुणस्तरको मल बनाउन सकिन्छ भन्ने कुराको खोजी गर्नका लागि तालिम तथा इन्टरनेट आदि माध्यम उपयोग गरी घरमै मल बनाएर कुहिने फोहोरको व्यवस्थापन गर्न थालिएको अध्ययनले देखाएको छ। यो समयको माग पनि हो । घरघरबाट फालिएको फोहोर स्थानीय सरकार र संघीय सरकारका लागि नै टाउको दुखाइको विषय बनेपछि अहिलेको सञ्चार र प्रविधिको युगमा मानिसहरू सजग र सुसूचित हुनु स्वाभाविक पनि हो ।

फोहोरका कारण यति ठूलो समस्या सिर्जना भइसक्दा पनि फोहोरलाई स्रोतमा वर्गीकरण गर्न लगाउने कार्य सँगसँगै फोहोरबाट लाभ लिन सकिने विषयमा मानिसहरूलाई जागरुक गराउन सकिएन भने अहिले सिसडोलमा देखापरेको समस्या हाम्रा भावी सन्ततीलेसमेत बेहोर्नुपर्नेछ । यही कुरालाई मध्यनजर गरेर बागमती सुधार आयोजनाबाट प्रभावित भएर परियोजनास्थलका मानिसहरूमध्ये ५८ प्रतिशतले परियोजनाबाट सिकेर कम्पोस्ट मल बनाउने गरेका छन् भने २७ प्रतिशतले स्वतः स्फूर्त रूपमा मल बनाउन सिकेका छन् । आयोजनाको प्रतिवेदनमा उल्लेख भएअनुसार बिन प्रयोग गर्ने घरधुरीले एउटा बिनले नपुगेर दुई वा दुईभन्दा बढीसमेत एउटै घरमा प्रयोग भएको उल्लेख गरिएको छ । हामीले कम्पोस्ट बिन विधिबाहेक अन्य कम्पोस्ट मल बनाउने विधिहरू जस्तैः खाल्टे विधि, गडचौंला मल विधि आदिलगायत समुदायमा प्रचलनमा रहेको विधिहरूलाई पनि अवलम्बन गर्न सक्छौं । काठमाडौंलगायतका बढी जनघनत्व भएको सहरी क्षेत्रमा बढी प्रयोग हुने भनेको कम्पोस्ट बिन विधि नै उपयुक्त हुन्छ । ग्रामीण क्षेत्र बढी भएको र घर वरिपरि प्रशस्तै जग्गा भएको क्षेत्रमा परम्परागत खाल्टे मल बनाउने विधि उपयोग गर्न सकिन्छ । यसो गर्न सकियो भने स्रोतबाट निस्कने कुहिने फोहोरको व्यवस्थापन नभई कुहिने फोहोरबाट बन्ने कम्पोस्ट मलको प्रयोग गरी उपभोक्ताहरूले ताजा र अर्गानिक तरकारी तथा फलफूल उपभोग गर्न पाउने भएकाले यसतर्फ सबैको ध्यान पुग्नु आवश्यक छ ।

नेपालका कतिपय सहरमा फोहोरलाई स्रोतमा वर्गीकरण गरी यसबाट लाभ लिएका प्रशस्त उदाहरणहरू छन् । अहिले सबैभन्दा बढी फोहोरको समस्या बनेको काठमाडौं उपत्यकामा स्रोतमा फोहोरको वर्गीकरण गरी यसबाट लाभ लिने वातावरण सिर्जना गर्न' जरुरी छ । यदि यो अभ्यासलाई लागू गर्ने प्रयासको थालनी गर्ने हो भने गोलमोटलरूपमा सबै प्रकारका फोहोरलाई खाल्डोमा पुर्ने तयारी गरिरहेका स्थानीय सरकारहरूले विस्तारै आफ्नो नीति तथा योजनाहरूमा परिवर्तन ल्याउन बाध्य हुनेछन् ।

## अन्त्यमा,

फोहोरलाई स्रोतमा नै कम गर्ने फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को मर्म र फोहोर व्यवस्थापनका विद्यमान चुनौतीहरू जस्तैः ल्याण्डफिल्ड साइटको विवाद, ढुवानी, केही दिन फोहोर उठाउन नसक्दा सिंगो उपत्यकामा फोहोर थुप्रने, दुर्गन्धित हुनेजस्ता समस्याहरूलाई दृष्टिगत गर्दा समुदायस्तरमा सुरु गरिएका स्रोतमा फोहोरको वर्गीकरण गरेर फोहोरको मात्रा स्रोतबाट नै घटाउन गरिएका साना तर प्रभावकारी कदमले फोहोर व्यवस्थापनमा सहयोगी भूमिका खेल्न सक्छ भन्ने दृष्टान्तलाई प्रमाणित गरेको छ ।

स्रोतमा फोहोरको व्यवस्थापनका लागि कुहिने नकुहिने फोहोरलाई छुट्टाछुट्टै वर्गीकरण गरेर व्यवस्थापन गर्न सके कुहिने फोहोरलाई कम्पोस्ट मलको रूपमा प्रयोग गर्न सकिने र नकुहिने फोहोरलाई पनि पुनः प्रयोग गर्ने वा नवीकरण गरी प्रयोगमा ल्याउन सके यसबाट पनि फोहोरबाट मोहर कमाउनुका साथै सुन्दर नेपाल निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

अहिले काठमाडौंबाट गोलमोटल वर्गीकरण नगरी पठाएका फोहोरलाई ओखरपौवाका नागरिकहरूले वर्गीकरण गरेर त्यसबाट समेत लाभ लिइरहेका छन् भने तपाईं हामीले आफ्नै घरको फोहोरलाई वर्गीकरण गरेर उपयोगमा ल्याउन सक्यौं भने फोहोरबाट पनि हामीले लाभ लिन सक्छौं । त्यसैले विश्वमा सफल अभ्यासको रूपमा प्रयोग गरिएको स्रोतमा फोहोर वर्गीकरण गर्ने प्रणालीलाई अपनाऔं । सफा र सुन्दर नेपाल निर्माणमा सहभागी बनौं ।

tikashrestha63@yahoo.com







# बाँदरबाट क्षति रोक्न वैकल्पिक बाली



**पर्वत–** गाउँको बस्ती पातलो भइसकेको छ । घरभन्दा मानिसको संख्या कम हुँदै गएको अवस्था छ । गाउँ बस्तीलाई वन्यजन्तुले कब्जा गर्न थालेपछि बाली लगाउन छाडेर बाँझै रहेको जग्गा सदुपयोग गर्न महाशिला गाउँपालिका-१ होश्रांदीका बासिन्दाले नयाँ जुक्ति अपनाएका छन् ।

बाँदर नियन्त्रणका लागि लाखौं रूपैयाँ खर्च गरेर अभियान नै थाले पनि कुनै उपाय नलागेपछि बाली नै परिवर्तन गर्न थालिएको हो । मकै, धान, जौ, गुहुँजस्ता अन्नबाली लगाउँदा बाँदरले पुरै सखाप पार्न थालेपछि यस वर्षदेखि व्यावसायिक तरुलखेती गर्न थालिएको छ । अन्नबाली लगाउँदा लगानीअनुसारको प्रतिफल पाउन नसकेपछि स्थानीय कृषकले तरुलखेती सुरु गरेका हुन् ।

गाउँपालिकाको कृषि शाखा प्रमुख सन्तोष धितालका अनुसार स्थानीय २० कृषक मिलेर समूह निर्माण गरी तालिम दिएपछि व्यावसायिकरूपमा तरुलखेती सुरु गरिएको हो । बजारको अवस्थाका बारेमा बुझ्दा रातो तरुलको माग राम्रो भएको पाइएपछि ११ क्विन्टल रातो र दुई क्विन्टल सेतो तरुल लगाइएको उनले बताए । सेतो तरुलको तुलनामा रातो तरुलको माग बढी रहेको धितालको भनाइ छ । अहिले झण्डै ५०० रोपनीमा तरुलखेती गरिएको उनले बताए ।

बढ्दै गएको बाँझो जग्गाको सदुपयोग गर्ने उद्देश्यले गाउँपालिका र कृषकले तरुलखेती गर्ने योजना बनाएर यस वर्षदेखि सुरु गरिएको हो । तरुल खेतीका लागि खाडल र मलको जोहो कृषकले गरे भने तरुलको बिउ गाउँपालिकाले सतप्रतिशत अनुदानमा उपलब्ध गराएको हो । गत चैतमा झण्डै १३ क्विन्टल तरुलको बिउ रोपिएको स्थानीय जंगबहादुर शाहीले जानकारी दिए ।

गाउँपालिकाले सर्लाहीबाट बिउ ल्याएर कृषकलाई वितरण गरेको थियो । अहिले परीक्षणका रूपमा लगाइएको खेती भए पनि उम्रिएर झाँगिएको र राम्रै फल लाग्ने संकेत देखिएको शाहीको भनाइ छ । बाँझो रहेको ठाउँमा तरुल लगाउने र त्यसमा पालिकाले सहयोग गर्ने भनेपछि व्यावसायिकरूपमा तरुल लगाउन कृषकसमेत उत्साहित भएका हुन् ।

आगामी पुस, माघमा तरुल खन्ने बेला हुने र बजारीकरणमासमेत गाउँपालिकाले सहजीकरण गर्ने बताइएको छ । स्थानीय दर्बुडाँडाका डम्बरबहादुर शाहीले सयभन्दा बढी बिउ लगाएकामा सबै उम्रिएर झाँगिएको बताए । पहिलोपटक व्यावसायिकरूपमा लगाएको तरुल खेतीले आगामी हिउँदमा राम्रै प्रतिफल दिएमा क्षेत्रफल विस्तार गर्ने योजना रहेको उनले बताए ।

रातो तरुलको बिक्री सहज हुने पाइएपछि गाउँपालिकाले रातो तरुलको बिउ वितरण गरेको उनको भनाइ छ । यामका बेला रातो तरुलको ९० रूपैयाँसम्ममा बिक्री भएको पाइएपछि कृषकलाई सेतोभन्दा रातो तरुल लगाउन आग्रह गरिएको हो । बाँझो जग्गामा एकपटक लगाएर छाडेपछि उत्पादन दिने भएकाले पनि यो खेती सहज हुने पालिकाले जनाएको छ ।

गाउँपालिकाभित्र बाँदर आतंक बढ्दै गएपछि विकल्पस्वरूप तरुलखेतीमा कृषकलाई आकर्षित गरिएको प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले बताए । उनका अनुसार खाडल तयार पार्ने, प्रांगारिक मलको व्यवस्थापनलगायतका काम कृषकले गरेपछि करिब एक लाख २० हजार रूपैयाँको लागतमा बिउ व्यवस्थापनको काम गाउँपालिकाले गरेको हो ।

गाउँपालिकाले आव २०७४/७५ देखि २०७७/७८ सम्म बाँदर छोप्ने विज्ञ भारतबाट ल्याएर झण्डै तीन/चार सयको हाराहारीमा बाँदर छोपेर चितवन राष्ट्रिय निकुञ्जमासमेत पुऱ्याइएको थियो । जति गरे पनि बाँदरको संख्यामा कमी नआएपछि अहिले उक्त अभियान छाडिएको छ । बरु बाली नै परिवर्तन गर्नुपरेको अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए । बाँदरले तरुल खेतीमा कुनै असर गर्न नसक्ने भएकाले सोचेअनुसार प्रतिफल लिन सकिने उनको विश्वास छ । *रासस*

# तीन वर्षदेखि रोकियो नलगाडका घरको मुआब्जा

**जाजरकोट–** अर्थ मन्त्रालयले नलगाड जलविद्युत् आयोजना क्षेत्रका घरको मुआब्जा दिने विषयमा ह्रासकट्टीको विषयमा सहमति नदिँदा काममा विलम्ब हुँदै आएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ह्रासकट्टी नगरी आयोजना प्रभावित क्षेत्रका सर्वसाधारणलाई घरको मुआब्जा दिन अर्थ मन्त्रालयसँग सहमति मागेपछि सहमति नदिँदा तीन वर्षदेखि काममा ढिला हुँदै आएको हो ।

तीन वर्ष अगाडिदेखि आयोजना प्रभावित क्षेत्रका सर्वसाधारणलाई घरको मुआब्जा दिने भनिए पनि अर्थ मन्त्रालयको ह्रासकट्टीमा सहमति नदिँदा घरको मुआब्जा वितरणमा ढिलाइ भएको नलगाड सरोकार समितिका संयोजक तथा पुर्वमन्त्री गणेशप्रसाद सिंहले बताए ।

पाँच सय तीन घरको झण्डै ९० करोड रूपैयाँ बराबरको रकम आयोजनाले स्थानीयलाई उपलब्ध गराउनुपर्ने भए पनि  ह्रासकट्टी गर्ने कि नगर्ने भन्ने विषयमा अर्थ मन्त्रालय र उर्जा मन्त्रालयको बीचमा सहमति हुन नसक्दा सो कार्य तीन वर्षदेखि रोकिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ह्रासकट्टी नगरी मुआब्जा दिन अर्थ मन्त्रालयसमक्ष सहमति माग गरिएकामा अर्थले अस्वीकार गर्दा पहिलोपटक मुआब्जा वितरणको काम रोकिएको थियो ।

दोस्रोपटक ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयसँग ह्रासकट्टी नगरी मुआब्जा दिन सहमति मागे पनि अर्थले कुनै पनि जवाफ नदिएका कारण घरको मुआब्जाको विषय रोकिएको छ । ह्रासकट्टी गरेमा सुरुको घरको मुल्यभन्दा घटेको मूल्य नलगाड र बारेकोटवासीले पाउनेछन् । यदि ह्रासकट्टी नगरेमा घरधनीले सुरुकै मूल्य पाउनेछन् ।

नलगाड नगरपालिकाभित्रका वडा नं २, ५, ७ र ८ तथा बारेकोट गाउँपालिकाका-१, २, ५, ६, ७, ८ र ९ का सर्वसाधारण आयोजनाबाट प्रभावित हुनेछन् । आयोजनाले एक हजार ५९० मिटर उचाइसम्मको घरको मात्र मुआब्जा दिनका लागि विवरण तयार गरेको छ । सो उचाइसम्म जम्मा ५०३ घरधुरी छन् । परामर्शदाताले तयार पारेको वातावरणीय प्रभाव मूल्यांकनको रिपोर्टले एक हजार १७२ घरधुरी प्रभावित हुने औँल्याएको छ ।

आयोजना प्रभावित क्षेत्रका सर्वसाधारणले पुर्ख्यौली थलो सबै छाडेर जानुपर्ने अवस्थामा ह्रासकट्टी नगरी मुआब्जा दिनुपर्ने माग गर्दै आएका छन् । यो विषयमा अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबीचमा पटकपटक छलफल भए पनि निष्कर्ष निस्कन सकेको छैन । आयोजना प्रभावित क्षेत्रमा नयाँनयाँ घर निर्माण कार्यसमेत जारी रहेको छ । कसैले पनि सो ठाउँमा घर निर्माण नगर्न अनुरोधसमेत गरेको छैन । यो विषयलेसमेत मुआब्जा वितरण गर्दा विवाद सिर्जना हुने देखिएको छ ।

जग्गाको मुआब्जा भने आयोजनाले वितरण गरिसकिएको छ । सात वर्ष लगाएर डिपिआरको काम पूरा भए पनि डिपिआर स्वीकृत हुने क्रममा रहेको छ । आयोजनाको सडक तथा अन्य संरचना निर्माण गर्नका लागि ६२९.७९ हेक्टर जग्गा आवश्यक पर्ने जनाइएको छ । त्यसमा निजी स्वामित्वको ४३१.८७ हेक्टर र सरकारी वन क्षेत्र १९७.९२ हेक्टर जमिन प्रयोग हुनेछ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEKA AZAMAT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291146 | चलानी नं. ६०२०६३५७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMANAT AL QIMMAH CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८०/०५/०१ | LT No.291114 | चलानी नं.६०२०६३६४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd

Govt. License 1553/079/80

Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116

Email: hiringalfaraz@outlook.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GAK CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291108 | चलानी नं. ६०२०६३५९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. २८२/०५८/०५९

Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : R THREE LINES RESTARAUNT

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 290528 | चलानी नं. ६०२०५८६५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Cleaning Worker | 4 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 1500 | ५४,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EUROPEAN AGRICULTURE & TRADING

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. :291197 | चलानी नं.६०२०६३८७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 3 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NEW TOP GRADE CLEANING HOSPITALITY AND TRADING

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. :291196 | चलानी नं.६०२०६३८६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 10 | 0 | 2200 | ८०,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा रोजगारको अवसर

कम्पनी : THE MOST DELICIOUS FAST FOOD RESTAURANTS

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT No.291063 | चलानी नं. ६०२०६३२७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 2 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १० गते (27th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Inspire International Employment Pvt. Ltd

श्रम ईजाजत नं. १३६३/०७४/०७५

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: 5919190

Email: inspireintemp@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESTABLISHMENT AL-HUBUB AL-THALATHAH FOR BEVERAGES

पूर्व स्वीकृति मिति २०७९/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 280240 | चलानी नं. ६०१९५७१९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 2 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CIVIC TAI MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291134 | चलानी नं.६०२०६३५६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MEHANDI OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

प्रभाव दैनिक

रूपशाला

## विपिनको भष्मे अवतार

'पशुपति प्रसाद २ : भष्मे डन'को फर्स्ट लुक सार्वजनिक भएको छ । फिल्मका लेखक तथा निर्माता खगेन्द्र लामिछानेले फेसबुकमा सार्वजनिक गरेका छन् । पोस्टरमा अभिनेता विपिन कार्की भष्मे अवतारमा देखिएका छन् । यो विपिनको पुरानै अवतार हो। स्वस्तिमा खड्का देवी अवतारमा देखिएकी छन् भने सौगात मल्ल जोगीको भेषमा देखिएका छन् । फिल्म आगामी दसैंको फूलपातीमा रिलिज हुनेछ । फिल्ममा विपीन, सौगात र स्वस्तिमासँगै प्रकाश घिमिरे, रविन्द्र सिंह बानियाँ, मिस्श्री थापा, सजन थापा मगर र वर्षा शिवाकोटी लगायतका कलाकारको भूमिका छ। फिल्मको निर्देशन दीपेन्द्र के खनालले गरेका छन् ।



शनिबार, ०२ भदौ २०८० (Saturdsy, August 19, 2023)

# सेभेन सिजमार्फत विश्वभर जाँदै 'गणपति'



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'गणपति' स्वदेशसहित एकसाथ विश्व बजारमा प्रदर्शन हुने भएको छ । सेभेन सिज इन्टरटेन्मेन्टले 'गणपति' विश्व बजारमा लैजान लागेको हो । नेपालमा १४ भदौबाट प्रदर्शन हुन लागेको फिल्मको ट्रेलर दर्शकले मन पराएका छन् ।

दर्शकको चासोलाई ध्यानमा राख्दै आफूहरूले 'गणपति' विश्व बजारमा प्रदर्शन गर्न लागेको सेभेन सिज इन्टरटेन्मेन्टका प्रमुख विनोद पौडेलले जानकारी दिए ।

सेभेन सिज र रिजाल एण्ड रिजाल प्रोडक्शनबीच बिहीबार इन्टरनेशनल राइट खरिद-बिक्री सम्झौता सम्पन्न भएको हो । 'गणपति' क्यानडा, अमेरिका र युकेमा सेक्टेम्बर १ मा प्रदर्शन हुने छ । मिडिल इस्ट, न्युजिल्याण्ड र अष्ट्रेलियाका हलमा १५ सेप्टेम्बरमा प्रदर्शन हुने पक्का भइसकेको छ भने अन्य देशको प्रदर्शन मिति केही दिनमै तय हुने बताइन्छ ।

सेभेन सिज इन्टरटेन्मेन्ट बिनोद पौडल, प्याट्रिक सुवेदी र रमेश ढकालको संयुक्त अवधारणा र लगानीमा स्थापना गरिएको फिल्म वितरण कम्पनी हो। नेपाली फिल्मको अन्तर्राष्ट्रिय बजार विस्तारका लागि अहोरात्रका लागि रहेको यो कम्पनीले निर्माणाधीन थुप्रै फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिद गरिसकेको छ ।

सबिन अधिकारीको लेखन र निर्देशनमा बनेको फिल्म 'गणपति' मा मुकुन भुसाल, मेनुका प्रधान, राजाराम पौडेल, सूर्यमाला खनाल, स्व.जयनन्द लामा, सुशील पोखरेल, प्रकाश घिमिरे, पुस्कर गुरुङ, अंशु मानन्धर, कविता न्यौपाने, देवेन्द्र बब्लु तथा कालु रानाको अभिनय छ ।

रोनाल्ड श्रेष्ठ क्रिएटिभ हेड रहेको फिल्मको प्रस्तुतकर्ता रामप्रसाद र निर्माता लक्ष्मण रिजाल हुन्। कार्यकारी निर्माता बिज्ञान केसी र अर्बिन्द्र गिरी र सहनिर्मातामा चर्चित फिल्म एडिटर बनिष शाह रहेको फिल्म हरिबहादुर घलेले खिचेका हुन् ।

बिपीन मल्लले सम्पादन गरेको फिल्मको कोरियोग्राफर कविराज गहतराज हुन् । तनहुँ जिल्लाको बिभिन्न स्थानमा खिचिएको फिल्मको नेपाल वितरण श्रीराम बालाजी फिल्मस् र एफडिले गर्दैछ ।

चौथो साधना म्युजिक रिवार्ड-२०८०

# उत्कृष्ट मनोनयनलाई प्रमाणपत्र वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालकै पहिलो रिवार्डको रूपमा स्थापित भएको 'चौथो साधना म्युजिक रिवार्ड- २०८०' को उत्कृष्ट मनोनयन प्रमाणपत्र प्रदान गरिएको छ । संघीय राजधानी काठमाडौँमा आयोजित एक समारोहकाबीच उत्कृष्ट मनोनयनलाई प्रमाण पत्र दिइएको हो ।

कार्यक्रममा वरिष्ठ गायक, सङ्गीतकार तथा फिल्म निर्देशक नारायण रायमाझी, वरिष्ठ गायिका देविका वन्दना, वरिष्ठ साहित्यकार लेखक दामोदर पुडासैनी, वरिष्ठ रंग पत्रकार शान्ति प्रिय, चित्रकार सङ्गीतकार ज्योतिप्रकाश, गीतकार सुमन वैरागी, फिल्म निर्देशक माधव खरेल लगायतका व्यक्तित्वले उत्कृष्ट मनोनयनलाई प्रमाण पत्र प्रदान गरे ।

नेपाली गीत संगीतका श्रृजना तथा स्रष्टालाई सामन गर्ने उद्देश्यले अवार्ड आयोजना हुँदै आएको समारोहमा सामना म्युजिक क्रियशनकी अध्यक्ष सामना शाहले बताइन् ।



साधना म्युजिक रिवार्ड पहिलो र दोस्रो संस्करण अवार्डको रूपमा रहेको थियो भने तेस्रोदेखि भने रिवार्ड भएको हो । यस पटकको रिवार्डमा लोकदोहोरी तर्फ लोकगीत, शब्द, लय, गायक, गायिका, पुरुष मोडल अभिनय र नृत्य, महिला मोडल अभिनय र नृत्य, आधुनिक पप तर्फ शब्द, सङ्गीत, गायक, गायिका मोडलमा पुरुष र महिला रहेका छन् । त्यस्तै अन्य विधा भिडियो निर्देशक, छायाकार, दृश्य सम्पादक, एरेन्जर गरि १९ विधा रहेका छन् । कार्यक्रममा सम्मान तथा दीर्घ साधना सम्मान रहनेछ ।

# 'एक भगवत् गीता'मा रोमान्टिक धीरज र सुहाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** २९ भदौबाट प्रदर्शनमा आउने फिल्म 'एक भगवत् गीता'को पोस्टर सार्वजनिक गरिएको छ । निर्माण युनिटले फिल्मको प्रचार प्रसार सुरु गर्न फिल्मको तीन पोस्टर सार्वजनिक गरेको हो । सार्वजनिक पोष्टरमा कलाकार विपिन कार्की, सुहाना थापा, धीरज मगर लगायत देखिएका छन् ।

'क्यारेक्टर लुक्स' पोस्टरमा धिरज र सुहाना रोमान्टिक अवतारमा छन् । धीरज गुरुङ पहिरनमा र मधेशी समुदायको गेटअपमा छिन् । विपिन कार्की ट्रान्सजेन्डर लुक्समा छन् ।

अर्न्तजातीय प्रेमकथामामा निर्माण भएको फिल्ममा विपिन, सुहान, धिरजको अलवा कविर खड्का, जेविस र जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुर लगायतको अभिनय छ ।



सुनिल कुमार थापाको निर्माण रहेको फिल्को कथा निर्देशक झरना थापाले गरेकी हुन् । झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको फिल्म परिक्षेद र पुरुषोत्तमले संवाद लेखेका छन् ।

सुहाना इन्टरटेनमेन्ट र सुनिल कुमार थापा प्रोडक्सनको व्यानरमा निर्माण भएको फिल्ममा राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर, हर्कुलस बस्नेत, आशिष अविरल र प्रवेश मल्लिकको संगीत छ । फिल्मको छायांकन सुरु हुँदा नाम 'भगवत् गीता' राखिएको थियो । अहिले नामको अगाडि 'एक' थपिएको छ । फिल्मको बितरण उपत्यकामा गोविन्द शाहीको काफिया फिल्मस् र काठमाडौं बाहिर केदार पराजुलीको श्री कृष्ण फिल्मस्ले गर्दैछ ।



# एसिया क्षेत्रीय ब्याडमिन्टन प्रतियोगिता सुरु, नेपाललाई दोहोरो सफलता



■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्याडमिन्टन एशियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एशिया (दक्षिण एशिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप शुक्रबारदेखि काठमाडौँमा सुरु भएको छ । कार्यक्रमको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गरे । प्रतियोगिताको मिक्स टिम स्पर्धामा नेपाली खेलाडीले दोहोरो जित हात पारेका छन् । नेपालले यू-१५ र र यू-१७ स्पर्धामा विजयी सुरुआत गरेको हो । यू-१५ र यू-१७ दुवै स्पर्धामा नेपालले माल्दिभ्सलाई ५-० सेटमा हरायो ।

प्रतियोगितामा आयोजक राष्ट्र नेपालसहित श्रीलंका, पाकिस्तान, माल्दिभ्स, भुटान र बंगलादेशका खेलाडी सहभागी छन् । यू–१५ तर्फ नेपालका सुविन श्रेष्ठ र रिहाना शेरचनको जोडीले माल्दिभ्सका फरुजन अहमद फलाह र हुसैन जुरी याल्भीको जोडीलाई २१-११, २१-६ अंकले हरायो । अर्को खेलमा रिहानाले अदिल मोहम्मद कियानलाई २१-९, २१-६ अंकले हराइन् । सुविनले फरुजनलाई २१-७, २१-८ अंकले पाखा लगाए । दिलाशा राना र रिहाना शेरचनको जोडीले अदिल मोहम्मद र हुसैन जुरीको जोडीलाई २१-८, २१-१० ले पराजित गऱ्यो । सौर्य महर्जन र सुविन श्रेष्ठको जोडीले फरुजन र अहमद मम्दु इयानलाई २१-३, २१-८ अंकले पराजित गऱ्यो ।

यसैगरी यू– १७ तर्फ नेपालका कविर केसी। र रोजी राईको जोडीले माल्दिभ्सका अजहर मोहम्मद आयुब र ऐस्था जोया हुसैनको जोडीलाई २१-१, २१-४ ले हरायो । रोजी राईले ऐस्थालाई २१-१०, २१-८ अंकले पराजित गरिन् । कविरले अजहरलाई २१-७, २१-१० अंकले पाखा लगाए ।

अन्जिल लिम्बु र रोजी राईको जोडीले ऐस्था र मोहम्मद शरिफ सैयवको जोडीलाई २०-२२, २१-१८, २१-१० अंकले पराजित गऱ्यो । कविर केसी र अभय महराको जोडीले अजहर र युसुफ मुनाधी माथलुवको जोडीलाई २१-१५, २१-१५ अंकले हरायो । अन्य खेलमा बंगलादेशले यू–१५ तर्फको खेलमा भुटानलाई ५-० र यू–१७ तर्फको खेलमा माल्दिभ्स लाई ५-० सेटले पराजित गऱ्यो । श्रीलंकाले यू–१५ तर्फ माल्दिभ्सलाई ५० सेटले हरायो ।

# एसिया रग्बी आजबाट पहिलो खेलमा नेपाल-भारत भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपालमा शनिवारबाट रग्बी यू-२० सेभेन्सको तयारि पुरा भएको संघले बताएको छ । एसिया रग्बीको आयोजना र नेपाल रग्बी संघको व्यवस्थापनामा शनिबारबाट प्रतियोगिता हुँदैछ ।

प्रतियोगिता शनिवार र आइतबार गरि दुई दिनसम्म चल्नेछ । प्रतियोगितामा पुरुष र महिलामा गरि नेपालसहित आठ टिमको सहभागीता रहने छ । प्रतियोगितामा नेपालसहित भारत,थाईल्यान्ड, मलेसिया, चाइनिज ताइपेइ, उज्वेकिस्तान र हङकङ सहभागीता रहनेछ । पुरुषतर्फ नेपालसहित भारत,थाईल्यान्ड, मलेसिया, चाइनिज ताइपेइ, उज्वेकिस्तान र हङकङ सहभागीता रहनेछ ।

महिलातर्फ भने नेपालसहित थाईल्यान्ड, मलेसिय र हङकङको सहभागीता रहनेछ । उद्घाटन खेलमा भोलि पुरुषतर्फ नेपालले भारतको सामना गर्नेछ । महिला तर्फ भने नेपालले हङकङको सामना गर्ने छ ।




यस खेलमा करीव २ सय जना विदेशी खेलाडी र २५ जना खेल निर्णायकको सहभागिता हुने संघले जानकारि दिएको छ ।

# साविात्राको शानदार प्रदर्शनमा रानानाको जित

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय टिमकी फरवार्ड साबित्रा भण्डारीले डेब्यु खेलमै गोल गर्दा हापोएल रानानाले सिजनको पहिलो खेल विजयीबाट सुरुआत गरेको छ ।

अथेना कप प्रतियोगिताको दोस्रो चरणमा हापोएल रानानाले हादेरालाई २-० ले पराजित गरेको हो । रानानाका लागि आदि गोल्डेन र साम्बाले १/१ गोल गरे ।

साबित्राले युरोपेली लिग खेल्ने राष्ट्रको नकआउट प्रतियोगितामा गोल गर्दै इतिहास पनि रचेकी छिन् ।

रानानाले लिग यात्रा भने अगस्टको अन्तिमबाट सुरु गर्नेछ । लिगमा ८ टोलीबीच झन्डै ७ महिनासम्म लिग चल्नेछ । रानाना यसै सिजन शीर्ष डिभिजनमा उक्लिएको हो ।



# हवाई डढेलोमा १११ को मृत्यु, माउईका आपत्कालीन सेवा प्रमुखको राजीनामा

**लहाइना (हवाई)-** दक्षिणपश्चिमी अमेरिकी टापु राज्य हवाईको माउई आपत्कालीन व्यवस्थापन निकायका प्रमुखले अचानक राजीनामा दिएका छन् । माउईका प्रमुख रिचार्ड बिसेनले उनको राजीनामा तत्काल स्वीकृत गरेका छन् ।

पर्यटकीयस्थल माउई र लहाइनाका बासिन्दाले वन डढेलोको चेतावनी दिने साइरन नबजेकामा उनको व्यापक आलोचना गर्दै आएका थिए । गत साउन २३ गतेको डढेलोले बस्तीलाई गाँज्दा १११ जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् ।

यसैबीच, राष्ट्रपति जो बाइडेन र प्रथम महिला जील बाइडेन हवाईको भ्रमणमा जाने भएका छन् । विपक्षीहरूको तीक्ष्ण आलोचनापछि राष्ट्रपति अग्निपीडितलाई भेट्न तथा हालैको भीषण डढेलोबाट भएको वस्तुस्थितिबारे जानकारी लिन आगामी सोमबार हवाई भ्रमणमा जान लागेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । आगामी साता आगलागी भएको स्थलबाट भग्नावशेष हटाइ सकिने अपेक्षा गरिएको छ ।

हवाई टापुको माउई जंगलमा लागेको डढेलो यही साउन २३ गते बस्तीसम्म फैलिँदा १११ जनाको मृत्यु भएको छ भने केयौं घाइते भएका सरकारी अधिकारीहरूले बताएका छन् । सबै मृतकको सनाखत हुन सकेको छैन । पर्यटकीयस्थल लहाइना र मौवीका भौतिक संरचना खरानीमा परिणत भएका छन् । झण्डै १३ हजार घरमा क्षति भएको छ । दुई हजार २०० भन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

संघीय सरकारले ६०० भन्दा अधिक कर्मचारी परिचालन गरेर प्रभावितस्थलमा आवश्यक व्यवस्था गरिरहेको छ भने ५० हजारभन्दा बढी अग्निपीडितलाई भोजनको प्रबन्ध गरिएको, ७५ हजार लिटर स्वच्छ पेयजल, पाँच हजार खाट र १० हजार सिरक डसनाको प्रबन्ध गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौंमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाले ज्यान गुमाएका थिए । *रासस/एपी*

## हेलिकप्टर दुर्घटनामा १२ नाइजेरियाली सेनाको मृत्यु

**अबुजा-** नाइजरमा सोमबार हेलिकप्टर दुर्घटना हुँदा २४ जना नाइजेरियाली सुरक्षाकर्मीको मृत्यु भएको छ । अबुजाबाट २४९ किलोमिटर उत्तरमा मृतक र घाइते सैनिकहरू बोकेको सो हेलिकप्टर दुर्घटना भएको अल जजिराले उल्लेख गरेको छ । नाइजर राज्यको शिरोरो स्थानीय सरकारी क्षेत्रको चुकुबा गाउँमा सशस्त्र लडाकुहरूको आक्रमणमा घाइते भएका र मारिएका सिपाहीहरूलाई उद्धार गर्न सो हेलिकप्टर परिचालन गरिएको थियो ।

नाइजेरियाली सेनाका प्रवक्ता मेजर जनरल एडवर्ड बुबाले बिहीबार अबुजामा आयोजित पत्रकार सम्मेलनका क्रममा सो घटनाको पुष्टि गरेका हो । उनले दिएको जनाकारीअनुसार दुर्घटनाको समयमा विमानमा १४ जना सैनिक सवार थिए । त्यसैगरी सात जना अन्य घाइते रहेको जसमा दुई जना विमान चालक र दुई जना चालक दलका सदस्य रहेको बताइएको छ ।

स्थानीय समाचारअनुसार हेलिकप्टर चुकुबामा दुर्घटना हुनुअघि लडाकुहरूले मारिएका सुरक्षाकर्मीको शव निकाल्दै थिए । स्रोतले जनाएअनुसार सशस्त्र व्यक्तिहरूले अत्याधुनिक हतियार बोकेका थिए जसबाट हेलिकप्टरमाथि आक्रमण गरिएको हुनसक्छ ।

उक्त हेलिकप्टर कडुना एयरफिल्डबाट मिन्नाका लागि उडेको तर यसको कडुना र मिन्ना दुवैबाट नियन्त्रण टावरसँग सम्पर्कविच्छेद भएको थियो । प्रिमियम टाइम्सका अनुसार स्थानीय आउटलेटडोगो गिडे, लडाकुहरूको समूहको कुख्यात नेता जसले नाइजर र चाडको देशहरूको सिमानामा उत्तरपश्चिमी नाइजेरियाका केही भागहरूमा आतंक मच्चाएका छन् । आक्रमणको जिम्मेवारी पनि सोही समूहले लिएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको बताइएको छ । *रासस/एएनआई*

## हाइटीमा दुई प्रहरीसहित ३० जना मारिए

**पोर्टओंप्रिन्स-** मानवीय, राजनीतिक र सुरक्षा संकटले नराम्रोसँग गाँजेको क्यारिबियन मुलुक हाइटीमा दुई आपराधिक समूहबीच भएको झडपमा दुई जना प्रहरीसहित ३० जना मारिएका छन् । आक्रमणमा १२ जनाभन्दा बढी घाइते भएका छन् ।

स्थानीय मानवअधिकार समूह नेसनल ह्युमन राइट्स डिफेन्स नेटवर्कका अनुसार राजधानी सहरको क्यारेफोर-फचुइलेस र आसपासका घरमा आक्रमणसँगै आगो लगाउँदा र दुई प्रहरी अधिकारीको पनि मृत्यु भएको छ ।

छिमेक गिरोहहरूका लागि एक रणनीतिक क्षेत्र हो, जसले हाइटीको राजधानी पोर्टओंप्रिन्सको ८० प्रतिशत भूभागमा यिनै आपराधिक समूहको नियन्त्रण छ । फिरौतीका लागि अपहरण, बलात्कार र सशस्त्र चोरी, मोटरमालिक वा चालकलाई धम्क्याएर गाडीको चोरी तथा हिंसात्मक अपराध यहाँ सामान्य मानिन्छन् ।

दुई समूहबीच भएको झडपका क्रममा आफ्नो घरमा आक्रमण हुँदा पोर्टओंप्रिन्स निवासी डोमिनिक चार्ल्सले आफ्नी आमा, सौतेनी बुबा, १८ वर्षीय छोरा, दुई बहिनी र एक जना भाइ गुमाएको बताइन् । आफू भने भागेर बाँच्न सफल भएको उनले जनाइन् ।

पछिल्ला दिनमा यहाँ हिंसाका घटना बढेपछि पाँच हजार बासिन्दा पलायन भएका छन् । विस्थापितमध्ये केहीले विद्यालय वा स्थानीय खेलकुद केन्द्रमा शरण लिएका छन् भने अन्य विस्थापित सडकमा नै गुजारा गरिरहेका छन् । उनीहरूलाई सरकारी अधिकारीहरूले खाना र पानीको व्यवस्था गरेका छन् । *रासस/एएफपी*

## भारतको मणिपुरमा जारी हिंसामा ३ जनाको मृत्यु

**नयाँ दिल्ली-** भारतको उत्तर पूर्वी राज्य मणिपुरमा शुक्रबार बन्दुकधारीहरूले कुकी समुदायका तीनजना सदस्यको हत्या गरेको प्रहरीले जनाएको छ । मणिपुरको राजधानी सहर इम्फालबाट करिब ३३ किलोमिटर उत्तरपूर्वमा रहेको उखरुल जिल्लाको थोवाई कुकी गाउँमा दिउँसो ती पुरुषलाई गोली हानी हत्या गरिएको थियो ।

'गाउँको पूर्वमा रहेको पहाडबाट हतियारधारी आतंककारीहरूको समूह गाउँमा पसेर गाउँका गार्डहरूमाथि गोली चलाउन थाले । घटनामा गाउँका तीन जनाको मृत्यु भएको छ,' उखरुलका एक वरिष्ठ प्रहरी अधिकारी निंशेम वासुमले बताएका छन् । मारिएका मानिसहरू स्वेच्छाले गाउँको सुरक्षा गरिरहेको बुझिएको छ ।

हत्यापछि सरकारी सेना आक्रमणकारीलाई पक्रन गाउँमा पुगेका थिए । बहुसंख्यक मेइती समूह र आदिवासी कुकी अल्पसंख्यकबीच जातीय द्वन्द्वका कारण जारी हिंसामा हालसम्म राज्यमा १५० भन्दा बढीको ज्यान गएको छ । भीडले तोडफोड र आगजनी गरेको छ, जसमा सयौं घर र पसलहरू जलाइएको छ । *रासस/सिन्ह्वा*

## केरलामा बस पल्टिँदा ३० जनाभन्दा बढी घाइते

**त्रिशुर-** केरलाको त्रिशुर जिल्लाको कनिमंगलम नजिक शुक्रबार एउटा निजी बस पल्टिँदा ३० जनाभन्दा बढी घाइते भएका छन् ।

त्रिशुरमा निजी बस पल्टिँदा ३० जनाभन्दा बढी घाइते भएका छन् । घाइतेहरूलाई नजिकैका दुई निजी अस्पताल र त्रिशुर तालुकको सरकारी अस्पतालमा उपचार गरिँदै गरेको राज्यका राजस्वमन्त्री के राजनले बताएका छन् । मन्त्री घटनास्थल पुगेर घटनाको जानकारी लिएका छन् ।

दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ । *रासस/एएनआई*


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

**कम्पनी : EMPIRE EAGLE SECURITY SDN.BHD.**

Pre Approval Date : 2023/08/18 | पूर्व स्वीकृति मिति : २०८०/०५/०१ | LT. No.291271 | एल टि न. २९१२७१ | Invoice No.60206414 | चलानी नं.६०२०६४१४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary: रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४३,११५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

| कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले ब्यहार्ने By the Employer |
|---|---|---|---|

यस प्रा.लि. को कुनै मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

MOBHIRA H.R. SERVICE PVT. LTD. does not have any mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**नोट:** आवेदकको उमेर २६ देखि ४२ सम्म हुनुपर्ने, उचाई ५.५ फिट अनिवार्य हुनुपर्ने, SLC पास गरेको तथा अंग्रेजी भाषा लेख्न/बोल्न दक्ष हुनुपर्नेछ ।

**Interview will be conducted on 29/30th August, 2023 in Office premises.**
**अन्तर्वाता मिति २०८० भदौ १२/१३ गते कार्यालय परिसरमा हुनेछ ।**
**प्रि-अन्तरवार्ता कार्यालय परिसरमा धमाधम भईरहेको छ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OMEGA POINT FOR WEB DESIGN EST**

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291190 | चलानी नं. ६०२०६३९५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commercial Sales Representative | 9 | 8 | 1500 | ५४,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Entry Clerk | 2 | 2 | 1100 | ३९,८८५ | | | | | | | |
| 3 | Information Clerk | 1 | 1 | 1100 | ३९,८८५ | | | | | | | |
| 4 | Public Relation Clerk | 1 | 1 | 1200 | ४३,५१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FIRST SUPPLY TRADING EST**

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. :291117 | चलानी नं. ६०२०६३४६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६४,१९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,०६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MOFAREH BIN HASSAN BIN MUHAMMAD ASSIRI EST FOR BEVERAGES**

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 291062 | चलानी नं. ६०२०६३२५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee | 2 | 0 | 1200 | ४२,५५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Labour | 1 | 0 | 1000 | ३५,४६० | | | | | | | |

कम्पनी : **MUHAMMAD DAHAM KHALIF AL-SHAMMARI RESTAURANT TO PROVIDE MEALS**

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291225 | चलानी नं. ६०२०६३६८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ABDULAZIZ ASHWI FAYYAD AL-ANZI SPORTS CENTER**

पूर्व स्वीकृति मिति २०८०/०५/०१ | LT. No. 291224 | चलानी नं. ६०२०६३६७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SILVER KEY AUTO MAINTENANCE CENTER**

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 291064 | चलानी नं. ६०२०६३२७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labor | 2 | 0 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MOHAMMED ABDULLAH AL-ROUDHAN & PARTNERS CO. LTD**

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 291086 | चलानी नं. ६०२०६३३४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1900 | ६७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **LAHEQ TALAQ ABDUL RAHMAN AL-MAQAIT TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०४/३२ | LT. No. 291087 | चलानी नं. ६०२०६३३५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1900 | ६७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ९ गते (26th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०४०० | प्रति तोला – १०९८५० | प्रति तोला – १३९० |



हिमाली जिल्ला मनाङको तल्लो क्षेत्र नासों गाउँपालिका–७ ताचैमा लटरम्म फलेका स्याउ । मनाङमा अहिले विभिन्न प्रजातिमध्ये गाला, मेमा र रेड डेलिसियस स्याउ टिप्ने बेला भएको छ । *तस्बिरः नवीन लामिछाने/रासस*

## निगमले सुरु गऱ्यो दोस्रो चरणको 'टैंक ट्रक लकिङ'

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले दोस्रो चरणको 'टैंक ट्रक लकिङ' सुरुआत गरेको छ। निगमको प्रादेशिक कार्यालयमा आज आयोजित कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सिङ्गल लोड गरिएको तीन ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर सो कार्यको शुभारम्भ गरे ।

डिपोदेखि पेट्रोल पम्पसम्म लिड सिल मात्र लगाएर पठाउँदै आएको निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जले आजदेखि ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर पठाउन थालेको हो । ढुवानीका क्रममा हुने पेट्रोलियम पदार्थको चोरी नियन्त्रण गर्न र सुरक्षित ढुवानीका लागि ट्याङ्करमा टैंक ट्रक लकिङ सुरु गरिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराका प्रमुख विनितमणि उपाध्यायले जानकारी दिए । यसैबीच मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोसो चरणको करिब ४० प्रतिशतभन्दा बढी काम सकिएको छ । परियोजनाअन्तर्गत दोस्रो चरणको काम हालसम्म करिब ४० प्रतिशतभन्दा बढी सकिएको र बाँकी काम तीव्ररूपमा अघि बढेको प्रमुख उपाध्यायले जानकारी दिए ।

परियोजनाको दोस्रो चरण न्तर्गत भारतीय आयल निगमले बाराको अमलेखगञ्जस्थित डिपोमा चार हजार १०० किलो लिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, २५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पुर्ण स्वचालित लोडिङ्ग वे-रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माणका भइरहेको प्रमुख उपाध्यायले बताए ।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्ट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माणको काम अघि बढेको उहाँको भनाइ छ । सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्ने गरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले जनाएको छ । यसै परियोजनाअन्तर्गत निर्माण हुन लागेको दुई पेट्रोल ट्याङ्कमध्ये एउटा नेपाल आयत निगमले र अर्को ट्याङ्क भारतीय आयल निगमको लागतमा निर्माण भइरहेको छ ।

यस्तै पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमनले निर्माण गरिदिने सम्झौता भएको प्रमुख उपाध्यायको भनाइ छ । परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ । परियोजनाको दोस्रो चरणको सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलको समेत आयात हुने जनाएको छ ।

'एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्कबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता छ', प्रमुख उपाध्यायले भने, 'आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीन वटै पदार्थको आयात पाइपलाइनबाटै हुन्छ ।' यो आयोजनाको काम यही वर्षको डिसेम्बरसम्ममा सकिने र नयाँ बर्ष २०२४ जनवरीदेखि पाइपलाइनबाटै पेट्रोलियम पदार्थको आयात हुनेछ, उनले भने । पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ ।

**नेपाल विद्युत् प्राधिकरणको ३८ औं वार्षिकोत्सव**

# सबल बन्दै प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** उज्यालो नेपालको परिचय बनाएको नेपाल विद्युत् प्राधिकरणले स्थापनाको ३८औं वार्षिकोत्सव मनाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रमुख आथित्यतामा प्राधिकरणले आफ्नो वार्षिकोत्सव मनाएको हो ।

राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको प्राधिकरणले मधेस प्रदेशमा सतप्रतिशत विद्युतीकरण गरेको छ। यस्तै, बागमती प्रदेशमा ९९ दशमलव २१, गण्डकी प्रदेशमा ९९ दशमलव शून्य दुई प्रतिशत बराबर विद्युतीकरण गरेको छ। यस्तै, कोशी प्रदेशमा ९५, लुम्बिनीमा ९८, कर्णालीमा ६८ र सुदूरपश्चिम प्रदेशमा ८२ प्रतिशत घरधुरीमा केन्द्रीय प्रसारण प्रणालीमार्फत बिजुली पुऱ्याएको छ।

कूल सात सय ५३ स्थानीय तहमध्ये पाँच सय पाँच स्थानीय तहमा पूर्ण बिजुली पुऱ्याएको प्राधिकरणले दुई सय २७ स्थानीय तहका अधिकांश स्थानमा र बाँकी रहेका २१ स्थानमा साना तथा लघु जलविद्युत् आयोजनाबाट बिजुली उपलब्ध गराइएको छ । आगामी दुई वर्षमा बिजुली उपलब्ध गराउने लक्ष्य राखिएको छ । प्राधिकरणले ५६ लाख ५८ हजार घरधुरीमा आफैं बिजुली पुऱ्याएको छ । प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० बराबर पुगेको छ । ग्रामीण क्षेत्रमा विद्युतीकरणको अन्तिम मार्च गरिरहेको प्राधिकरणले कोही नेपाली पनि अँध्यारोमा बस्नु नपरोस् भन्ने संकल्प लिएको छ ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सरकार, प्राधिकरण र निजी क्षेत्र तथा विकास साझेदार निकायसँग समन्वय गरी आवश्यक वित्तीय श्रोत व्यवस्थापन गर्दै जलाशयुक्त आयोजना निर्माण गर्ने प्रमुख प्राथमिकताका साथ सरकार लागिपरेको बताए ।

यस्तै, चार सय केभी क्षमताका प्रसारण लाइनसमेत निर्माण गरी आन्तरिक मागको सम्बोधन गर्दै बढी भएको बिजुली भारत लगायतका देशमा निकासीका लागि सरकार प्रयासरत रहेको उनको भनाइ छ ।

राष्ट्रिय ग्रिडको पहुँच पुग्ने गरी सबै नागरिकको घरधुरीमा नियमित र भरपर्दो रूपमा विद्युत् आपूर्ति गर्न, आधुनिक प्रविधिको प्रयोग गरी प्रसारण तथा वितरण प्रणालीको विस्तारका लागि आवश्यक नीति, कार्यक्रमका साथ मन्त्रालय अगाडि बढिरहेको मन्त्री बस्नेतको भनाइ छ। मुलुकलाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउँदै नेपाली नागरिकलाई गुणस्तरीय, भरपर्दो रूपमा विद्युत् सेवा प्रदान गर्न, ऊर्जाको माध्यमबाट जनताको सामाजिक तथा आर्थिक रूपान्तरण गर्न सरकारले सार्थक प्रयास गरिरहेको बताए ।

हाल न्यूनतम २० युनिटसम्म बिजुली उपभोग गर्ने झन्डै २२ लाख ग्राहकले निःशुल्क रूपमा प्राप्त गरेका छन् । आर्थिक वर्ष २०७२/७३ मा कूल २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट रहेकामा आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशत कायम गर्न सफल भएको छ ।

आर्थिक बर्ष २०७२/७३ मा रु ३४ अर्ब ६१ करोड सञ्चित घाटा रहेको प्राधिकरणले आव २०७३/७४ मा रु एक अर्ब ५० करोड, आव २०७४/७५ मा रु तीन अर्ब ४३ करोड नाफा कमाएको थियो । यस्तै, आव २०७५/७६ मा रु नौ अर्ब ८१ करोड, आव २०७६/७७ मा रु ११ अर्ब ७५ करोड, आव २०७७/७८ मा भने घटेर रु छ अर्ब १० करोड मात्रै नाफा कमाउन सफल भएको थियो ।

यस्तै, आव २०७८/७९ मा रु १३ अर्ब ३७ करोड नाफा गरेको प्राधिकरणले आव २०७९/८० को अपरिस्कृत वित्तीय विवरणअनुसार रु १२ अर्ब ३३ करोड बराबर रहेको छ । प्राधिकरणको सञ्चित नाफा रु ३६ अर्ब ६७ करोड बराबर पुगेको छ । सार्वजनिक संस्थानहरूमध्ये धेरै नाफा कमाउने थोरै संस्थाहरूमध्ये प्राधिकरण अब्बल देखिएको छ ।

पछिल्ला दुई वर्षमा प्राधिकरणले वितरण तथा प्रसारण प्रणालीका लागि मात्रै रु ४८ अर्ब बराबरको लगानी आन्तरिक स्रोतबाट गरेको छ । प्राधिकरणको प्रणालीमा कूल जडित क्षमता दुई हजार आठ सय २२ मेगावाट बराबर पुगेको छ। प्राधिकरणले कूल आठ हजार ५२ मेगावाट बराबरको विद्युत् खरिद बिक्री सम्झौता गरेको छ ।

प्राधिकरणले जवा तिला, भारभूङ, वेगनास रूपा पम्प स्टोरेज र माथिल्लो मुस्ताङ जलाशययुक्त जलविद्युत् आयोजनाको अध्ययन जारी छ। आव २०७९/८० मा ६६ केभी तथा सोभन्दा माथिका प्रसारण लाइन चार सय १३ सर्किट किलोमिटर थप भएको छ ।

कूल सञ्चालन रहेको ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइनको लम्बाइ पाँच हजार सात सय ४२ सर्किट किलोमिटर बराबर पुगेको छ । यस्तै, तीन हजार एक सय ७५ सर्किट किमी प्रसारण लाइन र १० हजार दुई सय ९० एमभिए क्षमताको ग्रिड सबस्टेसन निर्माणाधीन छन् । नेपालीको घरदैलोमा नियमित र भरपर्दो विद्युत् सेवा पुऱ्याउन वितरण प्रणाली विस्तारको कार्य उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ ।




## 'रणनीतिक महत्त्वका ठूला आयोजना अगाडि बढाउँछौं'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले योग्य र सक्षम जनशक्ति भएको नेपाल विद्युत् प्राधिकरणको संलग्नतामा केही रणनीतिक महत्त्वका ठूला आयोजना अगाडि बढाउने दृढता व्यक्त गरेका छन् ।

उनले भने, 'आगामी दिनमा एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त परियोजना तथा १० हजार आठ सय मेगावाट क्षमताको बहुआयमिक कर्णाली चिसापानीजस्ता ठूला जलविद्युत् आयोजनाको निर्माण अघि बढाउने सोच र योजना साथ सरकार अघि बढिरहेको अवस्था तपाईहरू सामु उजागर गर्न पाउँदा मलाई विशेष हर्ष र गर्वको अनुभूति भएको छ ।'

नेपाल विद्युत् प्राधिकरणको ३८ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले ठूला र बहुउद्देश्यीय प्रकृतिका आयोजना अगाडि बढाउने सरकारको सोच रहेको बताए । बिजुली निर्यातका लागिसमेत स्पष्ट लक्ष्यसाथ सरकार अघि बढिरहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले नेपालको जलविद्युत् विकासका लागि योगदान पुऱ्याइरहेको निजी क्षेत्रको उत्पादित विद्युत्समेत खरिद गरिरहेको प्राधिकरणले आफैं वा आफ्ना सहायक कम्पनीमार्फत आगामी दिनमा विद्युत् उत्पादन क्षेत्रमा सशक्त र अग्रणी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले विगतको 'लोडसेडिङ'को स्मरण गर्दै त्यसको समाधानका लागि गरिएको प्रयासका बारेमा जानकारी दिए । 'प्राधिकरणको ३८ औं वार्षिकोत्सवलाई सम्बोधन गर्न यस रोष्टममा आउँदै गर्दा मैले २०७३ को साउनमा म दोस्रोपटक प्रधानमन्त्री हुँदा देशले बर्सातको समयमा पनि बेहोरिरहेको लोडसेडिङको कहालीलाग्दो अवस्थालाई सम्झिरहेको छु', प्रधानमन्त्रीले भने । त्यसबेला बिजुलीको पहुँच भएको ठाउँमा दैनिक १८ घण्टासम्म लोडसेडिङ हुने गरेको थियो भने देशका करिब ४० प्रतिशत जनता त विद्युत्को पहुँचभन्दा बाहिर रहेको तथ्य स्मरण गरे ।

## श्रमिकको तलब वृद्धि कार्यान्वयन गर्न सकिँदैन : परिसंघ

**काठमाडौं (प्रस)–** बिहीबार राजपत्रमा सूचना प्रकाशित गर्दै सरकारले २०८० साउन १ गतेदेखि लागू हुनेगरी तोकेको श्रमिकको न्यूनतम पारिश्रमिकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न नसकिने नेपाल उद्योग परिसंघले जनाएको छ ।

परिसंघले शुक्रबार एक विज्ञप्ति जारी गर्दै नयाँ पारिश्रमिक लागू गर्न नसकिने जनाएको हो । 'सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको सन्दर्भमा परिसंघको ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'श्रमिकको न्यूनतम पारिश्रमिक बढाउने चाहना हुँदाहुँदै पनि विद्यमान समस्याका कारण हाल बढाइएको पारिश्रमिक दिन सक्ने अवस्थामा निजी क्षेत्र छैन ।'

अहिले मुलुकको अर्थतन्त्र मन्दीमा रहेको, बैंकको ब्याजदर उच्च रहेको, बजार माग संकुचन भएको, न्यून उत्पादनका कारण निजी क्षेत्रको मनोबल घट्दो रहेको परिसंघको भनाइ छ। अहिले औद्योगिक उत्पादनमा ७० प्रतिशतसम्म गिरावट आएको र उद्योगी व्यवसायीले लगानीका योजना स्थगन गरिरहेको पनि परिसंघले जनाएको छ ।

विद्यमान चुनौतीपूर्ण अवस्थामा सुधार ल्याई अर्थतन्त्रलाई चलायमान बनाउन, समग्र बजार माग बढाउने नीति अवलम्बन गर्न, उत्पादन लागत घटाउन तथा निजी क्षेत्रको मनोबल बढाउनेतर्फ अग्रसर हुन पनि सरकारसँग परिसंघले माग राखेको छ । चालु आर्थिक वर्षदेखि लागु हुनेगरी सरकारले श्रमिकको मासिक न्यूनतम पारिश्रमिक १० हजार ८२० रुपैयाँ र महँगी भत्ता छ हजार ४८० रुपैयाँ गरी जम्मा १७ हजार ३०० रुपैयाँ तोकेको छ ।

दैनिक ज्यालादारीका हकमा ६६८ रुपैयाँ र प्रतिघण्टा ज्यालादारीको ८९ रुपैयाँ पारिश्रमिक तोकिएको छ। चिया बगानका श्रमिकका लागि भने मासिक १३ हजार ८९३ रुपैयाँ, दैनिक ५०० रुपैयाँ र प्रतिघण्टा ६६ रुपैयाँ तोकिएको छ । सरकारले तोकको न्यूनतम पारिश्रमिकभन्दा कम पारिश्रमिक लिने दिनेगरी कसैले पनि रोजगार सम्झौता गर्न पाइँदैन । तर परिसंघले भने बढेको पारिश्रमिक दिन नसकिने जनाएको हो ।

यसअघि चिया बगानबाहेकका श्रमिकका लागि मासिक १५ हजार रुपैयाँ, दैनिक ५७७ रुपैयाँ र प्रतिघण्टा ७७ रुपैयाँ तोकिएको थियो भने चिया बगानका श्रमिकका लागि मासिक १२ हजार ८१ रुपैयाँ, दैनिक ४३५ रुपैयाँ र प्रतिघण्टा ५५ रुपैयाँ तोकिएको थियो ।

## श्रमिकलाई रासन कार्डको व्यवस्था गर्न आग्रह

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिकलाई रासन कार्डको व्यवस्था गर्न सरकारलाई आग्रह गरेको छ । नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले शुक्रबार एक विज्ञप्ति जारी गरी कहालीलाग्दो मूल्यवृद्धिमा सरकारले साउन ३२ गते राजपत्रमार्फत श्रमिकलाई मासिक १७ हजार ३०० रुपैयाँ दिने व्यवस्था गरेको भन्दै उक्त रकमले श्रमिकलाई दैनिक जीवनयापनमा समस्या हुने भएकाले रासन कार्डको व्यवस्था मिलाउन आग्रह गरे ।

'नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिकको पारिश्रमिक न्यूनतम रु २५ हजार हुनुपर्छ भन्ने आवाज उठाउँदै आएको अवस्थामा सरकारले राजपत्रमा प्रकाशित गरेको श्रमिकको पारिश्रमिकले जम्मा १७ हजार ३०० बनाएको छ, यसले श्रमिकलाई दैनिक जीवनयापनमा समस्या हुन्छ,' महासचिव राईद्वारा जारी विज्ञप्तिमा भनिएको छ। सरकारले चिया क्षेत्रमा गरिएको न्यूनतम तलब/ज्याला भेद्भाव गरेको ट्रेड युनियन कांग्रेसले जनाएको छ ।

श्रम ऐन, २०७४ को दफा १०७ अनुसार गठित सरकार, रोजगारदाता र ट्रेड युनियन रहेको न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा सरकारले दुई/दुई वर्षमा न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने प्रावधानविपरीत बजारको मूल्यवृद्धिलाई नजरअन्दाज गरेर सरकारले एकलौटी ढंगले श्रमिकको पारिश्रमिक वृद्धि गरेकोप्रति ट्रेड युनियन कांग्रेसले विमति जनाएको छ । महासचिव राईले सरकारले विगतमा सम्पूर्ण श्रमिकलाई तोकिएको न्यूनतम पारिश्रमिक कार्यान्वयन नगर्ने, सामाजिक सुरक्षा कोषमा संलग्न नगराउने गरेको तोकिएको पाइएकाले पारिश्रमिक अनिवार्य रुपमा लागू गर्न आग्रह गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ